# नगरसभाको बैठकमा २०७९ साल आषाढ १० गते शुक्रबार
# नगर उपप्रमुख श्री राजेश बानियाले
# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/८० को
# नीति तथा कार्यक्रम र बजेट वक्तव्य

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७९
**http://www.hetaudamun.gov.np**

नगरप्रमुख एवम् नगरसभाका अध्यक्ष महोदय,

नगरसभा सदस्यज्यूहरू,

सञ्चारकर्मी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धिको रुपमा नेपालको संविधानले गरेको व्यवस्था बमोजिम गत २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट दोश्रो कार्यकालका लागि स्थानीय सरकार गठन भई बर्तमान निर्वाचित जनप्रतिनिधिहरुको पहिलो बर्षको रुपमा यस उपमहानगरपालिकाको एघारौं नगरसभामा आर्थिक बर्ष २०७९/८० को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिको लागि यहाँहरुको सामु उपस्थित भएको छु ।

२. यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको चरणमा भएका विभिन्न सामाजिक तथा राजनैतिक आन्दोलनहरुमा जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

३. यस उपमहानगरपालिका लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिवद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा उपमहानगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

४. प्राविधिक दृष्टिले उपयुक्त, सामाजिक रूपमा सन्तुलित एवम् राजनैतिक रूपमा स्वीकार्य विकास प्राप्तिका लागि समन्वय कायम गर्दै विकासका साझा गन्तव्य/प्राथमिकता चयन गर्नुपर्ने विशिष्ट अवस्था, नगरवासीहरूको सन्तुलित विकास एवम् सेवा प्राप्ति प्रतिको बढ्दो अपेक्षाको सम्बोधन, सिमित आन्तरिक श्रोत र संघीय अनुदानमा निर्भर विकास कार्यहरू सञ्चालन गर्नुपर्ने पृष्ठभूमिमा आर्थिक बर्ष २०७९/८० को बजेट नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गइरहेको छु ।

५. सचेत, सुसूचित र सँस्कारयुक्त नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त संविधान बमोजिम सार्वभौम जनताको चयनमार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको उपमहानगरपालिका नगरबासीहरुको आधारभूत हक तथा अधिकारप्रति सचेत र सदृष्य रहँदै **"स्वच्छ, सृजनशील, समृद्ध औधोगिक नगर हेटौंडा"** भन्ने सोचका साथ नेपाल सरकारको पन्ध्रौं योजना, दिगो विकासको लक्ष्य, संघ र प्रदेश सरकारको बजेट एवम् प्राथमिकता, स्थानीय सरकारको **"समृद्ध हेटौंडा, सुखी नगरवासी"** बनाउने अल्पकालीन र दीर्घकालीन योजनाहरु प्रति दृढ रही नेपाल सरकारको **"समृद्ध नेपाल, सुखी नेपाली"** तथा प्रदेश सरकारको **"स्वस्थ, सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** को राष्ट्रिय तथा प्रादेशिक आकाँक्षा पूरा गर्ने अभियानप्रति हामी पूर्ण प्रतिबद्ध छौं ।

६. आर्थिक बर्ष २०७९/०८० को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दाको अवस्थामा यस उपमहानगरपालिकाको आन्तरिक आय, नेपाल सरकारबाट प्राप्त हुने समानीकरण, शसर्त, समपूरक र विशेष अनुदान, प्रदेश सरकारबाट प्राप्त समपूरक र विशेष अनुदानमा उल्लेखनीय बढोत्तरी नभएको अवस्था, राजस्व बाँडफाँट लगायतका श्रोतहरूमा अपेक्षा गरे अनुरूप वृद्धि नहुँदा स्रोतको कमी हुन गएको जस्ता कारणहरुले प्राथमिकतामा राखिएका कतिपय नगरको समग्र विकासमा महत्व राख्ने जनअपेक्षित विकास आयोजनाहरू प्रभावकारी रुपले कार्यान्वयन गर्न नसकिएको चालु आर्थिक बर्षको यथार्थता हाम्रा सामु स्पष्टै छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आर्थिक बर्ष २०७८/७९ को हेटौंडा उपमहानगरपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको संक्षिप्त समीक्षा गर्ने अनुमति चाहन्छु ।

**१. आर्थिक बर्ष २०७८/७९ को वार्षिक कार्यक्रमको समीक्षा**

आज २०७८ साल आषाढ १० गते उपमहानगरपालिकाको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्दा चालु आर्थिक वर्ष २०७८/७९ को जेष्ठ मसान्त सम्मको अवधिलाई आधार मानी भौतिक तथा वित्तीय प्रगतिहरू प्रस्तुत गरिएको छ । चालु आर्थिक बर्षको बाँकी अवधिको भौतिक तथा वित्तीय प्रगतिहरू वार्षिक प्रगति समिक्षा गरी आगामी नगरसभामा प्रस्तुत गरिने व्यहोरा अनुरोध गर्दछु। अब म क्षेत्रगतरुपमा बार्षिक लक्ष्य र प्रगतिको सक्षिप्त समिक्षा प्रस्तुत गर्न गैरहेको छु।

**१.१ पूर्वाधार निर्माणः** पूर्वाधार निर्माण अन्तर्गत कुल योजना संख्या ९९० रहेकोमा जेष्ठ मसान्तसम्म ७६० योजनाहरु सम्पन्न भएको र बाँकी योजनाहरु चालु आर्थिक वर्षको अन्तसम्ममा सम्पन्न हुने क्रममा रहेको छ । पूर्वाधार निर्माण अन्तर्गत सम्पन्न योजनाहरुको परिमाणात्मक प्रगति देहाय बमोजिम रहेको व्यहोरा जानकारी गराउँदछु ।

**१.१.१ सडक पूर्वाधार तर्फ**

६८.२९६ कि. मि. कंक्रिट सडक निर्माण, १.५३१ कि. मि. कालोपत्रे सडक, १ कि.मि. नयाँ ट्याक निर्माण, ६.३८७ कि.मि. सडक ग्रेभलिङ, १४ वटा कल्भर्ट निर्माण कार्य सम्पन्न भईसकेका छन् ।

**१.१.२ विविध पूर्वाधार तर्फ**

यस अन्तर्गत खानेपानी पूर्वाधार १, शैक्षिक पूर्वाधार २०, पर्यटन पूर्वाधार ६, खेलकुद पूर्वाधार ३, गुम्वा निर्माण ७, मन्दिर निर्माण २८, स्वास्थ्य पूर्वाधार ९, तटबन्धन १५, सिंचाई २, शौचालय ५ र अन्य पूर्वाधार ९९ वटा योजनाहरु सम्पन्न भएका छन् ।

**१.१.३ भूमि व्यवस्था तथा तथ्याङ्क संकलन तर्फ**

विभिन्न समयमा नेपाल सरकारबाट गठन भएका भूमि सम्बन्धी समस्या समाधान आयोगको समन्वयमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित वसोवासीहरुको नगर क्षेत्रभित्रको तथ्याङ्क संकलन कार्य भईरहेको र हेटौंडा उपमहानगरपालिकाको वडा नं. ११ सिमलटारबाट नापी टोली खटिई नापी गर्ने कार्य समेत सुरु भईसकेको छ ।

**१.१.४ प्रदेश बजेट तर्फ**

प्रदेश बजेट अन्तर्गत प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत कुल ३८ वटा योजना सञ्चालन गरिएकोमा १७ वटा निर्माण कार्य सम्पन्न भएको र २१ वटा योजना चालु अवस्थामा रहेका छन् । साथै पर्यटन पूर्वाधार तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत कुल ८ वटा योजना सञ्चालन गरिएकोमा ४ वटा निर्माण कार्य सम्पन्न भएको र ४ वटा योजना चालु अवस्थामा रहेका छन् । यसैगरी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत २१ वटा योजना सञ्चालन गरिएकोमा १५ वटा निर्माण कार्य सम्पन्न भएको र ६ वटा योजना चालु अवस्थामा रहेका छन् ।

नगर स्तरीय कार्यक्रम अन्तर्गत पूर्वाधार योजनातर्फ सञ्चालित महत्वपूर्ण योजनाहरुमा बसपार्क तथा बस टर्मिनल भवन निर्माण कार्य ५०% सम्पन्न भईसकेको छ । हेटौंडा ४ मा अत्याधुनिक सुविधा सम्पन्न बहुउद्धेश्यीय व्यापारिक भवन निर्माण कार्य प्रारम्भ भईसकेको छ। वडा नं. १२ र १४ को वडा कार्यालय प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भई सञ्चालनको क्रममा रहेको रहेको छ । साथै वडा नं. ७ को वडा कार्यालय प्रशासकीय भवन निर्माण कार्य भईरहेको छ । नगरको चक्रपथ सडक निर्माण कार्य अन्तर्गत वडा नं. १५ र १६ मा सडक

कंक्रिट ढलान गर्ने कार्य सम्पन्न भई सञ्चालनमा आएको छ । नमुना बिद्यालय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आधुनिक राष्ट्रिय मा. वि. र चन्द्रोदय मा.वि.को अत्याधुनिक भवन निर्माण कार्य चालु अवस्थामा रहेको छ । प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान अन्तर्गत वडा नं.१७ को कठायत चोकदेखि बालबोध मा.वि.सम्म सडक स्तरीकरण, वडा नं. १८ को एक्लेखेत राजदेवी सडक स्तरीकरण कार्य चालु आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न हुनेछ । वडा नं. ७ को सडक स्तरीकरण कान्तिलोकपथ देखि वडा कार्यालय जाने सडक निर्माण कार्य सम्पन्न भएको छ । वडा नं. ४ र ८ मा पर्ने कर्रा कोरिडोरको कार्य चालु आर्थिक वर्षको अन्त्यसम्ममा सम्पन्न हुने चरणमा रहेको छ ।हेटौंडा-५ पिप्ले स्थित क्याम्पाचौरमा प्याराफिट सहित पिप्ले क्याम्पामा मिनि रंगशाला आंशिक रुपमा निर्माण सम्पन्न भएको छ । हेटौंडा-१४ बनेलधाप र कालोपानी क्षेत्रको लागि खानेपानी सुविधा उपलब्ध गराउन बनेलधाप खानेपानी योजना निर्माण सम्पन्न भईसकेको छ । उपमहानगरपालिका र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागत साझेदारीमा प्रादेशिक कृषि थोक बजार निर्माण कार्य अगाडि बढाइएको छ । हेटौंडा-११ स्थित रासी नदी पुल पश्चिमतर्फ बुद्धको प्रतिमा सहितको पार्क निर्माण कार्य सम्पन्न भएको छ । भवन इजाजत तथा मापदण्ड कार्यान्वयन तर्फ चालु आ.ब २०७८/७९ को यस अवधिमा घर नक्सा पेश ६९४, नक्सा पास ६९६, नक्सा म्याद थप ४७, नक्सा नामसारी १०३ भएको छ । यसैगरि नगर क्षेत्रको १४ वटा सडक सार्वजनिक गरिएको छ भने १३ वटा जग्गा विकास कार्यक्रम (प्लटिङ) स्वीकृत भएको अवस्था छ ।

**आदरणीय सभाध्यक्ष तथा सभा सदस्यज्यूहरू,**

अब म सामाजिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छौं ।

## १.२ सामाजिक विकास

### १.२.१ स्वास्थ्य

१. उपमहानगरपालिकाका सबै वडामा रहेका स्वास्थ्य संस्थाको आफ्नै भवन निर्माण गर्ने योजना अनुरुप स्वास्थ्य संस्था भवन नभएका वडा नं. १, ४, र १० मा नयाँ भवन निर्माण कार्य प्रारम्भ गरिएको छ । वडा नं. ५ को भवन निर्माण कार्य चालु आर्थिक वर्षको अन्तसम्ममा सम्पन्न हुने क्रममा रहेको छ ।

२. सुत्केरी पश्चातको पहिलो हप्तामा स्वास्थ्यकर्मी सहित सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न पोषण कोशेली सहित भेटघाट गर्ने कार्यक्रम अन्तर्गत जम्मा ११९९ जना सुत्केरी महिलासँग भेटघाट गरिएको छ।

३. गत दुई वर्षदेखि सञ्चालन हुँदै आएको सिमान्तकृत, लोपोन्मुख समुदाय र आर्थिक रुपमा अति विपन्न परिवारको स्वास्थ्य बिमा गर्ने कार्यक्रमबाट १२८ परिवार लाभान्वित भएका छन्।

४. गर्भवती महिलाहरुको स्वास्थ्य जाँच तथा आमा र बच्चाको स्वास्थ्य अवस्था पहिचान गर्न नगर क्षेत्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई कम्तिमा एक पटक निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्ने कार्यक्रम अन्तर्गत २११ जना गर्भवती महिलाले सेवा लिएका छन् ।

५. यस उपमहानगरपालिकाको समेत समन्वय र सहयोगमा हेटौंडा अस्पतालमा शुरु गरिएको मृगौला डायलासिस सेवा हेटौडा अस्पतालमा चालु रहेको छ । हाल सो केन्द्रमा जम्मा ८ वटा डायलाइसिस मेसिन रहेको छ । साथै हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक बर्षमा २ वटा डायलाइसिस मेसिन उपलब्ध गराइएको छ ।

६. आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चितताको लागि नगरका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारद्वारा निःशुल्क वितरण गर्ने भनि तोकेको औषधिहरु सहज र सरल रुपमा उपलब्ध गराइ राखिएको छ।

७. दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तिहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट उपचार र सहयोग (Care and

Support) को कार्यक्रममा १६ जना सेवाग्राहीले सेवा पाएका छन् । साथै ९ जना स्वास्थ्यकर्मीले १४ दिने प्यालिएटिभ तालिम लिएका छन् ।

८. महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर जस्ता घातक रोगहरुको निःशुल्क परीक्षण गर्न यस वर्षमा ३ स्थानमा सञ्चालन गरिएको स्वास्थ्य शिविरमा ३७० जना महिलाहरुले सेवा लिएका छन् । नेपाल रेडक्रस सोसाइटीसँगको सम्झौता अनुसार उपमहानगरपालिकावासीलाई ४११ पोका रगत १७४ जनालाई निःशुल्क उपलब्ध गराइएको छ ।

९. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन र आधारभुत स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न ई-रिपोर्टिंग सिस्टम (eHMIS) को विकास गरिएको छ। हाल हटिया स्वास्थ्य चौकी (वडा नं. १६) र नागस्वती शहरी स्वास्थ्य केन्द्र (वडा नं ७) मा यस प्रणालीको परीक्षण भैरहेकोछ।

१०. कोभिड-१९ को महामारीको कारण मृत्यु वरण गर्न पुगेका नागरिकहरुको शव ब्यवस्थापनको लागि शव वाहन नहुँदा ज्यादै समस्या पर्न गएको तथा अन्य कारणले मृत्युवरण गरेका व्यात्तिहरुको शव ओसार पसार गर्न उपमहानगरपालिकाले १ शव वाहनको ब्यबस्था गरेको छ।

११. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकामा सेवारत ९२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहन स्वरूप पोशाक सुबिधा, संचार सुबिधा, यातायात खर्च ब्यवस्था गरिनुका साथै लगायत आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख सम्बन्धी प्राथमिक उपचारबारे अभिमुखीकरण तालिम दिइएको छ।

१२. उपमहानगरपालिका अन्तर्गतका ६ वटा स्वास्थ्य चौकीहरुको न्यूनतम मापदण्ड अनुगमन गरी स्वास्थ्य सस्थाहरुबाट प्रवाह भैरहेको स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिको लागि पहल गरिएको छ।

१३. नगरवासीहरुलाई टाईफाइड रोगबाट बचाउन संघीय तथा प्रदेश सरकारसङ्गको सहकार्यमा टाईफाईड विरुद्धको खोप ५०,६६८ जना वालवालिकाहरुलाई लगाइएको छ।

१४. यसै गरी कोभिड-१९ को महामारीबाट जनसमुदायलाई बचाउन उपमहानगरपालिकाबाट १७८६९९ जनालाई प्रथम मात्रा, १२६३९२ जनालाई दोश्रो मात्रा र ३६७४३ जनालाई थप मात्रा (बुष्टर डोज) कोभिड खोप लगाइएको छ।हेटौंडा अस्पतालमा स्वाब परीक्षण गर्ने गरी गोरक्षेश्वर केन्द्रमा २९०९४ जनाको स्वाब लिने कार्य समेत गरिएको छ।

१५. हेटौंडा-३ मा २१३ जना सेवाग्राहीलाई सेवा दिंदै आर्युवेद सम्बन्धी स्वास्थ्य शिविर सम्पन्न गरिएको छ । साथै नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखालाई प्लाज्मा उत्पादनका लागि मेसिन उपकरण उपलब्ध गराउने कार्य अन्तिम चरणमा पुगेको छ ।

१६. कोभिड संक्रमित अति विपन्न ३०५ परिवारहरुलाई नगद हस्तान्तरण कार्य सम्पन्न गरिएको छ ।

**१.२.२ शिक्षा**

१. विद्यालय शिक्षाको गुणस्तर वृद्धिका लागि योजनावद्ध शैक्षिक कार्यक्रम सञ्चालन गर्न शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिएको छ । विद्यार्थीको प्रतिभा पहिचानका लागि शैक्षिक क्यालेण्डर अनुरुप विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ ।

२. सम्पुर्ण सामदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई विद्यालय सुधार योजना सम्बन्धी तालिमका साथै सामुदायिक तथा संस्थागत विद्यालयको तथ्याङ्क व्यवस्थापनको लागि इमीस सम्बन्धी क्षमता विकास तालिम, शिक्षकको पेशागत विकासका लागि विषयगत र पेशागत क्षमता विकास तालिम, प्रधानाध्यापकहरुको नेतृत्व क्षमता विकासका लागि तालिम र विद्यालयमा लेखा अनुशासन, वित्तिय सुशासन, विद्यालयको जिन्सी र खरिद कार्य व्यवस्थापनका लागि लेखापालको क्षमता विकास कार्यशाला, साहित्यको माध्यमवाट बालबालिकालाई उत्प्रेरित गर्ने र सकारात्मक चिन्तनको विकास साथै पठनसिपको

विकासका लागि बाल साहित्य कार्यशाला, शिक्षकहरुको लागि कम्प्युटर सम्बन्धी तालिम सम्पन्न भएको छ ।

३. स्थानीय आवश्यकता, विज्ञता र विषयवस्तुसमेत समावेश गरी कक्षा १–३ को हाम्रो हेटौंडा नामक स्थानीय पाठ्यक्रमको निर्माण भई प्रवोधीकरण गरी शैक्षिक सत्र २०७९ बाट लागू गरिएको छ । विद्यार्थीको नेतृत्व क्षमता विकास गर्ने, सामूहिक र सेवाको भावना विकास गर्ने उद्धेश्यले विद्यालयमा स्काउट शिक्षा र बाल समूह कार्यक्रम अघि बढाइएको छ ।

४. बालविकास सहजकर्तालाई तालिमको माध्यमवाट मण्टेश्वरी तालिम, शैक्षिक सामग्री निर्माण विधि, शिक्षण सिकाइका नविनतम अवधारणा र कक्षाकोठा व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिएको छ । साथै शिक्षण सेवालाई आकर्षिक पेशाको रुपमा विकास गर्न उपमहानगरपालिका अन्तर्गत बसोबास गर्ने तथा विद्यालयमा अध्यापनरत अस्थायी शिक्षकहरुको लागि शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिएको छ ।

५. विद्यालयमा नियमित विद्यार्थी भर्ना गराउन साथै विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहुन भन्ने उद्देश्यले विद्यार्थी भर्ना अभियान जेष्ठ महिना भरी नै सञ्चालन गरिएको छ । साथै नगर शिक्षा नीतिको तयारी भई प्रवोधिकरणको क्रममा रहेको छ ।

६. नगर स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षालाई मर्यादित, व्यवस्थित, अनुशासित ढंगले सम्पन्न गरिएको छ । बालबालिकाको प्रतिभा पहिचानका लागि गणित विज्ञान शैक्षिक प्रदर्शनी कार्यक्रम सञ्चालन भएको छ । साथै बालिका माथि हुने अपराधजन्य घटनामा बालिकालाई स्वबचाउ गर्न सक्ने बनाउनका लागि बालिकाहरुका लागि सेल्फ डिफेन्स तालिम कार्यक्रम सम्पन्न भएको छ ।

७. शैक्षिक सामग्रीको प्रयोग कक्षाकोठामा अनिवार्य बनाउन साथै शिक्षण सिकाइलाई व्यवस्थित, प्रभावकारी, गुणस्तरीय, चिरस्थायी बनाउनका लागि शैक्षिक सामाग्री निर्माण तालिम तथा प्रदर्शनी सञ्चालन गरिएको छ । उपमहानगरपालिकाको शैक्षिक गतिविधिको वारेमा जानकारी गराउने शैक्षिक झलक निर्माणको चरणमा रहेको छ ।

८. शिक्षण पेशामा लामो समय व्यतित गरेका शिक्षकहरुलाई प्रोत्साहन सहित विदा गरी नवयुवाहरुलाई शिक्षण पेशामा प्रवेश गराउनका लागि कार्यविधि निर्माण गरी १४ जना शिक्षकहरुलाई शिक्षक स्वर्णिम अवकाश योजनामा समावेश गरी स–सम्मान विदा गरिएको छ ।

९. प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी तलब भत्ता संघीय सरकारले विनियोजन गरेको रकमको अतिरिक्त न्यूनतम पारिश्रमिकमा नपुग रकम उपमहानगरपालिकाबाट थप गरी मासिक रुपमा उपलब्ध गराइएको छ ।

१०. विषयगत प्रयोगशाला निर्माण गरिएको छ । बंगेरी सिकाई केन्द्र संचालन तथा व्यवस्थापनका लागि सहयोग उपलब्ध गराइएको छ । दुर्गम क्षेत्रमा संचालित विद्यालयका शिक्षकका लागि प्रोत्साहन सुविधा उपलब्ध गराइएको छ । साथै विभिन्न विद्यालयहरुलाई अक्षयकोष स्थापना गर्न सहयोग उपलब्ध गराइएको छ ।

११. प्रत्येक विद्यालयमा न्यूनतम १ कम्प्युटर, प्रिन्टर तथा ल्यापटप हुनुपर्ने अवधारणा अनुरुप उपमहानगरपालिकाबाट विद्यालयहरुलाई उपकरण उपलब्ध गराइएको छ । विद्यालय व्यवस्थापन समितिको पदाधिकारी तथा शिक्षक अभिभावक संघका पदाधिकारीको काम, कर्तव्य र अधिकारको अवगत गराउने, सकारात्मक अभ्यासहरु आदानप्रदान गर्ने र छलफल अन्तक्रियाका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी वीच छलफल अन्तर्क्रिया सञ्चालन गरिएको छ ।

१२. विद्यालयमा रहेका बाल समूहलाई सक्रिय बनाई विभिन्न अतिरिक्त क्रियाकलापमा समावेश गराइएको छ । साना बालबालिकालाई लक्षित गरी नमूना बाल विकास कार्यक्रम र विद्यालयमा शुद्ध खानेपानीका लागि युरो गार्ड जडान कार्य सम्पन्न गरिएको छ ।

१३. विकट क्षेत्रमा सञ्चालित विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले विद्यालय छाड्ने दरमा न्यूनीकरण गर्न र पठन संस्कृति विकास गर्न छात्र छात्राको लागि पोशाक र शैक्षिक सामग्री वितरण कार्य सम्पन्न गरिएको छ।

**१.२.३ महिला बालबालिका तथा लैससासः** अव म महिला तथा वालवालिका महाशाखाबाट सम्पादन भएका कामहरुको प्रगति समिक्षा पेश गर्दछु ।

१. हेटौंडा उपमहानगरपालिकाभित्र रहेका बाबुआमा विहिन १७ जना बालबालिकाको संरक्षण गर्ने कार्य विभिन्न विद्यालयहरुमा अध्ययन गराउने कार्य गरिएको छ । साथै नगरभित्रका अपाङ्गता भएका व्यक्तिहरुको वर्गीकरण गर्ने कार्य चालु आर्थिक वर्षको अन्त्य सम्ममा विभिन्न वर्गका ७१४ जना अपाङ्गहरुलाई अपाङ्गता परिचय पत्र वितरण गर्ने कार्य गरिएको छ ।

२. महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत नगरका सवै वडाहरुमा हिंसा विरुद्धका विविध कार्यक्रम (जस्तै सडक नाटक, र्याली, चेतनामूलक एवम् क्षमता विकास कार्यक्रम, दोहोरी गित कार्यक्रम) सम्पन्न गरिएको छ । यसैगरी चालु आर्थिक वर्षमा वडा स्तरीय महिला संजालका पदाधिकारीहरुका लागि क्षमता विकास सम्बन्धी कार्य वडा नं १२, १३, १४ मा संचालन गरी सम्बन्धित वडाका ६० जना लाभान्वित भएका छन् । साथै वडा नं ३, १२ र १४ मा महिला उद्यम विकास सम्बन्धी तालिम सञ्चालन गर्दा ६६ जना महिलाहरु लाभान्वित भएका छन् । साथै उद्यम विकास सम्बन्धी तालिम १०० जना महिलाहरुको सहभागिता हुने गरी ५ वटा वडाहरुमा चालु अवस्थामा रहेका छन् ।

३. एकल महिलासँग सम्बन्धित क्षमता विकास तालिम १९ वटै वडाको प्रतिनिधित्व हुने गरी ६ स्थानमा मानव अधिकारका लागि एकल महिला संस्था मार्फत सम्पन्न गरिएको छ । साथै सुस्त श्रवण अपाङ्गता भएका नागरिकहरुले सेवा लिन आउँदा सहज गराउने उद्देश्यले २० जना कार्यालय र संघसंस्थाका कर्मचारीहरु समेतलाई २ महिने सांकेतिक भाषा तालिम सम्पन्न गरिएको छ ।

४. शारिरीक अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी अपाङ्गता सहायक सामाग्री (ह्विल चियर, सेतो छडी) ७४ जना अशक्तहरुका लागि चालु आर्थिक वर्षमा वितरण गरिएको छ । यसैगरी शारिरीक अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी कार्यालय परिसर भित्र अपाङ्गतामैत्री शौचालय निर्माणको कार्य सम्पन्न भएको छ ।

५. १९ वटै वडाहरुमा सम्बन्धित वडाको समन्वयमा वडास्तरीय ज्येष्ठ नागरिक मञ्च गठन गरी प्रत्येक वडाका ३ जना ज्येष्ठ नागरिकलाई घरमै गई सम्मान गर्ने कार्य सम्पन्न गरिएको छ । साथै उपमहानगरपालिकाभित्रका दलित महिलाहरुका लागि आय आर्जनसँग जोडिएका ब्युटिसियन व्यवसाय सञ्चालन सम्बन्धी सहयोग र दलित बालबालिकाहरुका लागि नगरस्तरीय दलित समन्वय समितिको सहकार्य छात्रवृत्ति प्रदान गरिएको छ ।

६. हेटौंडा-६, गौरीटार स्थित शान्ति बहिरा तथा सुस्त श्रवण आवासिय विद्यालयका ३८ जना बालबालिकाहरुका लागि न्यानो कपडा वितरण गर्ने कार्य सम्पन्न गरिएको छ । यसैगरी लागि ड्रेस डिजाइनिङ सम्बन्धी तालिम, मखमलको जुत्ता बनाउने तालिम, उद्यमशील क्षमता विकास सम्बन्धी तालिम, सार्वजनिक भाषणकला तथा व्यक्तित्व विकास सम्बन्धी तालिम समेत गरी उपमहानगरपालिकाबाट ९० जनालाई प्रदान गरी व्यक्तित्व विकास र व्यवसायिकता विकासमा टेवा पुर्याइएको छ ।

७. विभिन्न आश्रय स्थलमा आश्रय लिई बसेका अनाथ बालबालिकाहरुका लागि खाद्यान्न वितरण कार्य सम्पन्न गरिएको छ । साथै मानव बेचबिखन तथा ओसार पसार विरुद्धका समितिहरु नगरका १६ वटा वडाहरुमा गठन गर्ने कार्य सम्पन्न गरी क्रियाशिल बनाइएको छ ।

८. नगरभित्रका १८ वटा वडाहरुमा बालसमूह गठन गरी उनीहरुका लागि नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्य सम्पन्न गरिएको छ । यसैगरी नगरस्तरीय बाल समूहलाई नेतृत्व विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्नको चरणमा रहेको छ ।

**१.२.४ समाज कल्याण**

१. उपमहानगरबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै स्थानीय बजारलाई व्यवस्थित गर्न उपभोक्ताले सफा, ताजा र म्याद नगुज्रिएका खाद्यवस्तु उपभोग गर्न पाउने अधिकारको सुनिश्चितताको लागि स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७८ जारी गरी उपभोक्ता अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालनको साथै बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइएको छ ।

२. मानव सेवा आश्रम, मामा घर नेपाल, ॐ वृद्धाश्रम, आमाघर नेपाल जस्ता संस्थाहरूमा आश्रित ३१५ भन्दा बढी असहाय, ज्येष्ठ नागरिक, महिला तथा सडक बालकहरुलाई खानपान, औषधी उपचार र हेरचाहमा सहयोग गरिएको छ ।

३. जातीय छुवाछुत तथा भेदभाव विरुद्ध, उपभोक्ता अधिकार, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लागुऔषध दुर्व्यसनी न्यूनीकरण सम्बन्धी सचेतना, लोकसेवा आयोग तयारी कक्षा लगायतका विभिन्न क्षमता विकासका कार्यक्रमबाट ३१५० बढी नगरबासी प्रत्यक्ष लाभान्वित भएका छन् ।

४. सामाजिक विकास क्षेत्र अन्तर्गत पिछडिएका वर्ग, महिला, दलित तथा जनजाती बर्गका लागि सीपमुलक आयमूलक कार्यक्रमहरु सिलाई, वातावरणमैत्री झोला उत्पादन, कम्प्युटर तालिम, कपडाको जुत्ता बनाउने तालिम, हेयर कटिङ्ग र महिलाहरुको प्रजनन स्वास्थसँग सम्बन्धित कपडाको प्याड बनाउने तालिमबाट कूल ११२ जना लाभान्वित भएका छन् ।

५. साहित्यिक क्षेत्रको प्रवर्द्धनको लागि आँचल साहित्य मार्फत बाग्मती प्रदेशका विभिन्न जिल्लाका ३०० साहित्यकारहरुको प्रदेश स्तरीय साहित्यिक सम्मेलन सम्पन्न गरिएको छ । साथै नगरक्षेत्रमा रहेका मुस्लिम, मधेशी, थारु लगायत जाति विशेष मौलिक पर्व र संस्कृतिको संरक्षणका लागि सहयोग गर्नुको साथै ११ जातिगत तथा सांस्कृतिक समूहको लागि बाजागाजा वितरण गर्ने कार्य सम्पन्न गरिएको छ।

६. नगरको समग्र विकास निर्माण र सामाजिक परिचालनमा नागरिकको सहभागितालाई प्रभावकारी बनाउन यस उपमहानगरपालिकामा टोल विकास संस्था गठन, क्षमता विकास र परिचालन कार्य अन्तर्गत चालु आर्थिक बर्षमा टोल विकास संस्थाका ४०० पदाधिकारीलाई क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ।

७. महिलाहरुको प्रजनन स्वास्थ्यलाई मध्यनजर गर्दै उपमहानगरपालिकाको आर्थिक सहयोग र जिल्ला महिला बाइजुराज समितिको व्यवस्थापनमा १५० जना महिलाहरुलाई पाठेघर तथा स्तन क्यान्सर स्वास्थ्य जाँच शिविर सञ्चालन गरी सेवा पुर्याइएको छ ।

८. उपभोग्य खाद्य बस्तुको गुणस्तर परीक्षण गर्न सञ्चालित खाद्य परीक्षण प्रयोगशालामा चालु आर्थिक बर्षमा घिउ, खुल्ला दूध, प्रशोधित पिउने पानी, आइसक्रिम, मह जस्ता खाद्य बस्तुको २२ वटा नमूना परीक्षण गरिएको छ ।विभिन्न मितिमा नगरको समन्वयमा संयुक्त बजार अनुमगन टोलीबाट १० पटक बजार अनुगमन गरिएको छ ।

९. नेपाल पत्रकार महासंघ मकवानपुरको समन्वयमा हेटौंडा उपमहानगरपालिकाले ज्येष्ठ पत्रकार पेन्सन कोषमा रु ५ लाख सहयोग गरिएको छ । साथै पत्रकार महासंघमा आबद्ध १६३ जना पत्रकारहरुको रु ५ लाख बराबरको पत्रकार स्वास्थ्य दुर्घटना बीमा गर्न सहयोग गरिएको छ ।

१०. पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन यस नगर क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वका स्थानहरुको पहिचान झल्किने डकुमेन्ट्री साथै स्थानीय तहको पहिलो निर्वाचन पश्चातको कार्य अवधिमा सम्पन्न भएका ५ वर्षको मुख्य मुख्य उपलब्धीहरुको डकुमेन्ट्री तयार गरिएको छ ।

### १.२.५ सामाजिक सुरक्षा र घटना दर्ता

१. सामाजिक सुरक्षा भत्ता तर्फ जेष्ठ नागरिक अन्य (७० बर्ष भन्दा माथि) ६ हजार ३६० जना, जेष्ठ नागरिक दलित (६० बर्ष भन्दा माथि ७० भन्दा कम) ४२६ जना, एकल महिला (६० बर्ष भन्दा माथि ७० भन्दा कम) १ हजार ६९० जना, विधवा महिला (जुन सुकै उमेर) २ हजार २२८ जना, पूर्ण अपाङ्गता २१५ जना, अति अशक्त अपाङ्ग ४७१ जना र ५ बर्ष मुनिका दलित बालबालिका बाल संरक्षण अनुदान ५३१ जना गरी कुल ११ हजार ९ सय २१ जना लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका छन्।

२. हेटौंडा उपमहानगरपालिका अन्तर्गत १९ वटै वडाहरुमा साविक गाउँ विकास समितिको कार्यालय हुँदादेखि अनलाइन प्रणाली संचालन हुनुभन्दा अगाडि दर्ता भएका १ लाख ६५ हजार ३१९ वटा व्यक्तिगत घटना दर्ताहरु मध्ये १ लाख ६३ हजार ८४१ वटा घटना दर्ता नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचरपत्र तथा पञ्जीकरण विभागको अनलाइन प्रणाली डिजिटाइजेसनमा कार्यालयले हेर्न मिल्ने गरी दर्ता गर्ने कार्य सम्पन्न भएको छ ।

३. चालु आर्थिक बर्षमा जन्म दर्ता ३ हजार ८३१, मृत्यु दर्ता १ हजार १०२, विवाह दर्ता १ हजार ७८०, सम्बन्ध विच्छेद १९५, बसाई सराईका १ हजार ६९९ घटनाहरु दर्ता भएका छन्।

४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको कार्यक्रममा कोही नछुटुन भन्ने उद्देश्यले नगरका १९ वटै वडाहरुका ५७ स्थानमा सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविरमा जन्मदर्ता ४७९, मृत्यु दर्ता ५२, विवाह दर्ता १५८, सम्बन्ध विच्छेद दर्ता १२, बसाईसराई दर्ता ५८, सामाजिक सुरक्षा नयाँ निवेदन ६३, गुनासो सुनुवाई दर्ता ३ गरी जम्मा ८२५ वटा घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ताहरु सम्पन्न गरिएको छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

**अब म आर्थिक विकास तर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्न अनुमति चाहन्छु।**

### १.३ आर्थिक विकास

१. पशुपन्छी विकास तर्फ कृषक संगको लागत साझेदारीमा साना किसान सहयोग कार्यक्रम अन्तर्गत काउ म्याट वितरण ४०, पाडा पाडी अनुदान १५, युवा लक्षित अनुदान १०, माछा तथा हाँस पालन अनुदान ९, बंगुर पालन अनुदान १७, व्यवसायिक फर्म प्रोत्साहन कार्यक्रम १० गरि जम्मा १०१ जना किसानलाइ अनुदान उपलब्ध गराइएको छ ।

२. विगत वर्षहरु देखि संचालन हुदै आएको करिब १२००० पशुको कृतिम गर्भाधान कार्यक्रम चालु आर्थिक बर्षमा समेत संचालन भइरहेको छ । साथै नगरका ४ वटा सेवा केन्द्रहरु मार्फत पशुमा लाग्ने विभिन्न रोगको लागि आवश्यक औषधीहरु निःशुल्क वितरण कार्य गर्नुका साथै मौसम अनुसारको घाँसको वीउ सेवा केन्द्र मार्फत वितरण भईरहेको छ ।

३. पशुहरुमा आकस्मिक रुपमा लाग्ने खोरेत, पीपीआर, भ्याकुते रोगहरुको नियन्त्रणको लागि खोप लगाउने कार्य आवश्यकता अनुसार लगाउदै आएको छ ।

४. संघीय सरकारको सशर्त अनुदान बापत उपलब्ध भएको मासु मिसन कार्यक्रम अन्तर्गत विभिन्न १३ कृषक समूहलाई १३० वटा पाडा वितरण कार्य सम्पन्न गरिएको छ । साथै मिटमार्ट निर्माण कार्यका लागि माछामासु व्यवसायी संघसँगको सहकार्यमा पशु बधशाला निर्माण कार्य चालु अवस्थामा रहेको छ ।

५. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना अन्तर्गत स्थानीय तहवाट संचालन गर्ने गरी संघीय सरकारवाट प्राप्त सशर्त अनुदान शीर्षक अन्तर्गत गत बर्षबाट संचालनमा आएका मेवा पकेट क्षेत्र हेटौडा १८ र तरकारी पकेट क्षेत्र हेटौडा-७ का लागि चालु आ.ब.मा प्राप्त कार्यक्रम सम्पन्न हुने क्रममा रहेको छ । साथै चालु आ.ब. मा थप एक तरकारी पकेट क्षेत्र हेटौडा १५ को हिमचुली कृषि सहकारीसंग सम्झौता भै सम्पन्न हुने क्रममा रहेको छ ।

६. उन्नत बाली विकासको लागि गहुँ, धान, तोरी लगायत विभिन्न बालीको बीउ र मौसम अनुसारका तरकारीको बीउ वितरण गरिएको छ ।

७. मुल्य श्रृंखला कार्यक्रम अन्तर्गत कार्यक्रम लागु भएका वडा नं. १७ र १९ का दुई वटा साना किसान कृषि सहकारीमा आवद्ध समूहका सदस्यहरुलाई मागमा आधारित कृषक तालिम, कृषि उत्पादन सहयोगी सामग्री खरिद गरी विभिन्न २ वटा आयोजना सम्पन्न भएका छन् ।

८. नगरको गौरवको आयोजनाको रुपमा वागमती प्रदेश सरकारसंगको लागत साझेदारीमा हेटौंडा ११ को थानाभन्याङ्गमा प्रादेशिक फलफूल तथा तरकारी थोक केन्द्र निर्माण कार्य चालु अवस्थामा रहेको छ । यस परियोजनाको हालसम्म ३०% कार्य सम्पन्न भएको छ ।

९. नगर क्षेत्रमा आवश्यक पर्ने अनुदानको रासायनिक मल वितरण गर्न ३५ वटा कृषि सहकारी संस्थाहरु मार्फत तोकिएको सेवा क्षेत्रमा रासायनिक मल वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

१०. ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण अनुदानको लागि नगरका २२ वटा समूह सस्थासंग सम्झौता भै कार्यक्रम चालु रहेकोमा १५ वटा कार्यक्रम सम्पन्न भएको छ ।

११. संघीय सरकारको सशर्त अनुदान अन्तर्गत मध्यम प्रबिधियुक्त बहुउद्देश्यीय नर्सरी स्थापना कार्य चालु अवस्थामा रहेको छ ।

१२. महिलाहरुलाई व्यवसायिक कृषि पेशामा आबद्ध गराउन कृषिमा महिला प्रोत्साहन कार्यक्रम अन्तर्गत ९ वटा कार्यक्रम सम्पन्न भएको छ ।साथै उपमहानगरका कृषकहरुलाई व्यवसायिक कृषि तर्फ आत्मनिर्भर बनाउन २३ वटा टनेल हाउस निर्माणको सम्झौता भएकोमा ४ वटा सम्पन्न भैसकेको र बाँकी चालु आर्थिक वर्षमा सम्पन्न हुने चरणमा रहेको छ । त्यसैगरी नगर क्षेत्रभित्र साना ठुला गरी ११ वटा सिंचाई आयोजना सम्पन्न भएका छन् ।

१३. साविक जिल्ला विकास समितिमा दर्ता भई यस कार्यालयमा नवीकरणका लागि आएका “घ” वर्गको निर्माण व्यवसाय इजाजत मध्ये चालु आर्थिक बर्षमा २५२ नवीकरण, ९ वटालाई नयाँ इजाजत जारी गरिएको छ । साथै चालु आर्थिक वर्ष को जेष्ठ मसान्तसम्म नयाँ उधोग दर्ता ३, बाणिज्य दर्ता १ भएको छ ।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.ब. ८८४ जना बेरोजगारीको सूचिमा सूचिकृत गरिएको छ । साथै बेरोजगार सूचीमा सुचिकृतहरुलाई लक्षित गरी नगरका १४ वटा वडाहरुमा कार्यान्वयन हुने गरि आयोजना सम्झौता भै १० वटा सम्पन्न हुने क्रममा रहेको छ ।

१५. नेपाल सरकारको संघीय सशर्त अनुदान अन्तर्गत गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रममा छनोट भएका ५ वटा वडाहरुवाट नयाँ उद्यमी सिर्जना तर्फ ८६ जनालाई उद्यम शिलता विकास तालिम प्रदान गरिएको छ । सिप विकास तालिम अन्तर्गत छनोट भएका फरक तालिम समूहका कुल ८३ जनालाई २ महिने वेसिक ब्युटिपार्लर सिप विकास तालिम, १५ दिने वेसिक डल कुसन तालिम, १० दिने कृषि तथा पशु विकास तालिम सहित विउँ र २ वटा ई स्प्रेयर प्रविधि हस्तान्तरण, २ महिने आधारभुत सिलाई तालिम सहित सहभागीहरुलाई सिलाई मेसिन प्रविधि हस्तान्तरण, २ महिने ढाका कपडा वुनाई

तालिम र तालिममा सहभागीहरुलाई तान मेसिन तथा १ वटा वारपिङ्ग डम प्रविधि हस्तान्तरण, कृषि तथा पशु विकास तालिम सहित विउँ र ३ वटा ई स्प्रेयर प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न भएका छन् ।

१६. सोही कार्यक्रम अन्तर्गत कुल ३३ जनाको सीप स्तरोन्नति गर्नका लागि वडा नं. ३ मा २ महिने सिलाई एड्भान्स तालिम सहित ५ वटा सिलाई मेसिन हस्तान्तरण, वडा नं. १६ मा २ महिने सिलाई एड्भान्स तालिम सहित ७ वटा सिलाई मेसिन र १ वटा ईन्टरलग प्रविधि हस्तान्तरण, १५ दिने डल कुसन तालिम सहित ४ वटा सिलाई मेसिन प्रविधि हस्तान्तरण गरिएको छ ।

१७. व्यवसायिकता विकासका लागि उपमहानगरपालिकाको आन्तरिक श्रोतबाट ढाका कपडा वुनाईको २ महिने एड्भान्स तालिम सञ्चालन भईरहेको छ । साथै तालिमका सहभागीहरुलाई ५ वटा तान मेसिन खरिद गरी हस्तान्तरण प्रकृयाकमा रहेको छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म सुशासन तथा सूचना प्रविधि क्षेत्रतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

## १.४ सुशासन तथा सूचना प्रविधि

### १.४.१ सुशासन

उपमहानगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न एवम् कानून बमोजिम स्थानीय तहलाई प्राप्त जिम्मेवारी र अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्न चालु आर्थिक बर्षमा ऐन २, कार्यविधि ६, निर्देशिका २ र मापदण्ड २ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। साथै निर्देशिका १, कार्यविधि १ र नियमावली २ वटा संशोधन गरी लागु गरिएको छ ।

चालु आर्थिक बर्षमा उपमहानगरपालिका कार्यालयबाट प्रबाह गरिएको सामान्य सेवा तर्फ नागरिकता सिफारिस ३ हजार ७२६, नागरिकता प्रतिलिपि सिफारिस २ हजार ६२९, चौहद्धि सिफारिस ७ हजार ३४४, नाता प्रमाणित सिफारिस ९५९, खानेपानी धारा जडान सिफारिस १ हजार १०४, विजुली जडान सिफारिस १ हजार ६००, बस्तुगत विवरण १० हजार २४०, जग्गा नामसारी सिफारिस ५२३, नाता सम्बन्ध सिफारिस १ हजार ७७ र अन्य सिफारिसहरु २९ हजार ६६६ गरी कुल जम्मा ५९ हजार ३६८ सिफारिस भएका छन्। साथै शव बाहनबाट १६१ पटक सेवा उपलब्ध गराइएको छ । यसैगरी शवदाह गर्ने मेसिनबाट ११५ वटा शव सदगत गरिएको छ ।

### १.४.२ सूचना प्रविधि

१. प्रविधिको प्रयोग गर्दै सुशासन र सेवा प्रवाहमा सहजता ल्याउन चालु आर्थिक बर्षको यस अवधिमा उपमहानगरपालिका कार्यालय र वडा कार्यालयहरु विच ६५ कि.मि. १२ कोरको अप्टिकल फाईबर जडान भई पूर्ण रुपमा सञ्चालनमा आएको छ। सवै वडा कार्यालयहरुमा इन्टरनेट प्रयोग गरी सेवा प्रवाह व्यवस्थित गरिएको छ ।

२. कार्यालयको गतिविधि, सेवा प्रवाहको जानकारी एवम् सार्वजनिक सूचना प्रवाह गर्न कार्यालयले संचालन गरेको वेभसाईट, फेसबुक पेज तथा अन्य सामाजिक संजालहरु नियमित अध्यावधिक भैरहेको छ।

३. उपमहानगरपालिकाको राजश्व संकलनलाई समय सापेक्ष प्रविधिमैत्री बनाउन मोबाईल एप्स प्रयोग गरी घरबाट नै कर तिर्ने व्यवस्था गर्न सफ्टवेयरको प्रयोग मार्फत सेवा संचालनको तयारीमा रहेको छ।

४. उपमहानगरपालिकाका अन्तर्गतको सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको वैयक्तिक विवरण राख्ने एवम् विद्यालयको चौमासिक तथा मासिक तलब निकासा सफ्टवेयर मार्फत भूक्तानी हुने व्यवस्था मिलाइएको छ । साथै उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई सफ्टवेयर मार्फत एउटै नेटवर्किङमा आबद्ध गरी विद्यालयको गतिविधिको बारेमा नियमित जानकारी लिन सकिने व्यवस्था गरिएको छ।

५. हेटौंडा उमहानगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट दैनिक सेवाको रिपोर्टिङ अनलाइनमा आबद्ध गरिएको छ ।

**१.५ वातावरण, विपद व्यवस्थापन र फोहोरमैला व्यवस्थापन**

१. नगरको सौन्दर्य अभिबृद्धिका लागि सडक किनारा बृक्षारोपण एवम् फूल विरुवा रोपन कार्यक्रमलाई महत्वका साथ अघि बढाइएको छ । उपमहानगरपालिकाले आफ्नै फूल विरुवा नर्सरी निर्माण गरी विरुवा उत्पादन शुरु गरेको छ । आवश्यकता अनुसार नपुग तथा विशेष जातिका विरुवा स्थानीय नर्सरीबाट खरीद गरी रोपिएको छ । चालु आर्थिक बर्षमा प्रमुख बजार क्षेत्र भित्रका सडक तथा शाखा सडक पेटिमा २ हजार ९६१ थान फूल विरुवा रोपिएको छ ।

२. यात्रुको विश्रामका लागि नगरका शाखा तथा उपशाखा, चोक, चौतारा मठ मन्दिरमा विश्राम गर्न १९० थान सिमेन्ट बेन्च तथा २२६ वटा गमला राखिएको छ ।

३. सामुदायिक वन उपभोक्ता महासंघको सहकार्यमा नगरका २ वटा वडाका सामुदायिक वन उपभोक्ता समूहहरुलाई लेखा व्यवस्थापन र ४ वटा वडाका सामुदायिक वन उपभोक्ता समूहहरुलाई डढेलो नियन्त्रण सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

४. वडा नं. १३ स्थित बनस्पतिमा सहरी वन व्यवस्थापन, फलफूल बगैंचा तथा उद्यान निर्माण कार्य सम्पन्न गरिएको छ ।

५. वातावरणीय स्वच्छता प्रवर्द्धनमा नागरिक समाजको भूमिका अभिवृद्धि गर्न जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, ४० माइक्रोन भन्दा तलको झोलामा लगाइएको प्रतिबन्ध, खानेपानी सरसफाई स्वच्छता, वैकल्पिक झोलाको प्रवर्द्धन, विपद् जोखिम व्यवस्थापन लगायतका विषयमा छलफल, अनुशिक्षण तथा अभिमुखिकरण कार्यक्रमहरु सम्पन्न भएका छन् । टोल विकास संस्था, शिक्षण संस्था, सामाजिक संघ संस्था र नागरिक समाजको बृहत् सहभागितामा सप्ताहव्यापी विश्व वातावरण दिवस कार्यक्रम भव्यताका साथ सम्पन्न गरियो ।

६. नदी तथा खोल्सा सरसफाईमा नागरिक समाजको चासो एवम् सहभागिता अभिवृद्धि गर्न उपमहानगरपालिकाको अग्रसरतामा कर्रा तथा राप्ती खोलामा ५ हप्तासम्म हरेक शनिवार खोला सरसफाई अभियान सञ्चालन गरिएको छ । साथै इनार, कुवा, पोखरी, सिमसार संरक्षण कार्यक्रम सञ्चालन गरिएको छ ।

७. उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न सभा तथा समारोह सञ्चालन गर्दा समारोह स्थलमा शौचालयको आवश्यकता पूरा गर्न चालु आर्थिक बर्षमा १ थान मोबाईल शौचालय खरिद गरिएको छ । साथै वडा नं. ६ मा सार्वजनिक शौचालय निर्माण गरिएको छ ।

८. फोहोरमैला व्यवस्थापन अन्तर्गत संकलन कार्यलाई प्रभावकारी बनाउन चालु आर्थिक वर्ष भित्र प्रयोगमा ल्याउने गरी १ थान कम्प्याक्टर मेसिन खरिद प्रक्रिया अगाडि बढाइएको छ । साथै विद्यालय तहमा प्रयोग भएका स्यानीटरी प्याडको समुचित व्यवस्थापनका लागि ६ वटा इन्सिनिरेटर खरिद भई विद्यालयहरुमा हस्तान्तरण गर्ने क्रममा रहेको छ ।

९. फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो र व्यवस्थित बनाउन फोहोरमैलाको उत्पादन, परिमाण र प्रकृति सम्बन्धी अध्ययन गरी एकिकृत फोहोरमैला व्यवस्थापन योजना निर्माण कार्य सम्पन्न गरिएको छ ।

१०. पूर्ण सरसफाईयुक्त नगर निर्माण अभियान अन्तर्गत वडा नं १६, १७ र १८ का ११ विपन्न घरधुरीहरुलाई शौचालय निर्माणमा सहयोग गरिएको छ । साथै विपद् जोखिम व्यवस्थापन

अन्तर्गत अग्नि नियन्त्रण कार्यमा संलग्न हुने कार्यालयको वारुणयन्त्र तर्फका कर्मचारीहरुलाई सेफ्टी सामग्रीहरु उपलब्ध गराइएको छ ।

११. फोहोरमैला व्यवस्थापन अन्तर्गत कुहिने फोहोरबाट बायोग्याँस उत्पादन गर्न डिभिजन वन कार्यालय समेतको सहकार्यमा मानव सेवा आश्रम हेटौंडा-९ मा चालु आर्थिक वर्ष भित्रै वायोडाइजेष्टर जडानको प्रक्रिया अगाडि बढाइएको छ ।

१२. फोहरमैला व्यवस्थापनका लागि माग र औचित्यताका आधारमा विभिन्न संघ, संस्थाहरुलाई डस्टबिन वितरण गरिएको छ।

१३. नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्याँस) कार्यक्रम अन्तर्गत वडा नं. १२, १३ र १४ मा ४० घरधुरीलाई वायोग्याँस निर्माणका लागि सहयोग गरिएको छ ।

## १.६ न्यायिक समिति

न्यायिक समिति अन्तर्गत चालु आर्थिक बर्ष मा नयाँ दर्ता भएका मुद्धा संख्या १६१, प्रक्रियामा रही अघिल्लो बर्षबाट जिम्मेवारी सरेका मुद्धा ४८ गरी कुल मुद्धा २०९ रहेको छ । जसमध्ये मिलापत्र भएको ८०, मिलापत्र हुन नसकेको ३४, अदालत जान सुनाइएको ८, प्रक्रियामा रहेको ८२, मुद्धा फिर्ता २, फैसला १, मुल्तवी १ र विपक्षी उपस्थित नभएको १ मुद्धा रहेका छन । यस आर्थिक बर्ष मा समितिको स्वीकृत कार्यक्रम अन्तर्गत मेलमिलापकर्ताको पाक्षिक न्यायिक डबली रेडियो कार्यक्रम, सन्देशमुलक भित्तेपात्रो छपाई, न्यायिक स्मारिका प्रकाशन, मेलमिलापकर्ताहरुका लागि पुनर्ताजगी तालिम, न्यायिक समितिको पदाधिकारी, मेलमिलापकर्ता र कर्मचारीहरुको अवलोकन भ्रमण कार्यक्रम, समुदाय स्तरीय न्यायिक अनुशिक्षण, हिंसा पिडित महिलाहरुको आयआर्जनका लागि विउ पुँजी वितरण, मेलमेलापकर्ताहरुका लागि झोला वितरण, मेलमिलापकर्ता सम्मान कार्य सम्पन्न भएका छन् । यसैगरी न्यायिक समितिमा भएका अभिलेखहरुको डिजिटाइजेशन कार्य अगाडि बढाइएको छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आन्तरिक तथा बाह्य राजस्व परिचालनको क्षेत्र तर्फ भएको प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

## १.५.१ राजस्व परिचालन

उपमहानगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ को लागि रु. २ अर्ब ९० करोड २ लाख संशोधित स्वीकृत अनुमान गरेकोमा हाल सम्म रु. २ अर्ब ८६ करोड ८२ लाख अर्थात ९८.८९ प्रतिशत राजस्व तथा अनुदान संकलन भएको छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म नगरपालिकाको बजेट तथा खर्च (चालु र पूंजिगत) को वित्तीय प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छौं ।

## १.६ बजेट तथा खर्चको विवरण

### १.६.१. चालु तर्फ

यस शीर्षक अन्तर्गत रू. १ अर्ब २८ करोड ९५ लाख बजेट बिनियोजन भएकोमा रू. ८७ करोड ८ लाख खर्च भई ६७.५३ प्रतिशत प्रगति हाँसिल गरिएको छ ।

### १.६.२ पूँजीगत तर्फ

यस शीर्षकमा कूल बजेट रकम रू. १ अर्ब ६० करोड ४७ लाख विनियोजन भएकोमा हालसम्म रु. ८६ करोड ७७ लाख खर्च हुन गई वित्तीय प्रगति ५४.०७ प्रतिशत हुन गएको छ । वित्तिय व्यवस्था तर्फ रु. ६० लाख विनियोजन भएकोमा २३ लाख खर्च हुन गई वित्तीय प्रगति ३९.०८ प्रतिशत हुन गएको छ । समग्रमा जेष्ठ मसान्तसम्म ६०.०२ प्रतिशत आर्थिक प्रगति हासिल भएको छ । चालु आर्थिक बर्षको स्वीकृत योजनाहरु

सम्झौता भई कार्य सम्पन्न हुने क्रममा रहेकोले यसको वित्तीय प्रगति आर्थिक बर्षको अन्त्य सम्ममा वृद्धि हुने देखिन्छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म नगरपालिकाको विकासका चुनौती र अवसरहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## २ नगरपालिकाको विकासका चुनौती तथा अवसर

माथि प्रस्तुत गरिएको चालु आर्थिक बर्षको २०७९ जेठ मसान्त सम्मको अवधिको वित्तीय तथा भौतिक प्रगति विवरणको आधारमा तयार गरिएको संक्षिप्त समीक्षाको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक बर्ष २०७९/०८० को बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न केही चुनौती तथा अवसरहरू रहेको देखिएको छ ।

### २.१ चुनौतिहरू

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) बमोजिमका व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

२. सात तहको योजना प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा कानूनी व्यवस्था अनुरूपको उत्तरदायित्व पूरा गर्न स–साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारको योजनामा उपमहानगरपालिकाको बजेटलाई केन्द्रित गर्ने,

३. उपभोक्ता समितिको काम कारवाहीमा पारदर्शीता, जवाफदेहीता र अर्थपूर्ण जनसहभागिता कायम राख्ने,

४. ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिने कार्य समयमा सम्पन्न गर्ने,

५. गैर–सरकारी संस्था क्षेत्रको बजेट, कार्यक्रमलाई उपमहानगरपालिकाको प्राथमिकता क्षेत्रमा केन्द्रित गर्ने,

६. दिगो विकासको लक्ष्य प्राप्त गर्न नीति तथा कार्यक्रममा लक्ष्यहरूलाई स्थानीयकरण गर्ने ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

माथि उल्लिखित चुनौती रहँदा रहँदै पनि यस उपमहानगरपालिकाको सामाजिक, आर्थिक, वातावरणीय तथा भौगोलिक विशिष्टताको कारण अवसर र सम्भावना धेरै रहेका छन् । जसलाई संक्षिप्त रूपमा प्रस्तुत गर्न चाहन्छु।

### २.२ अवसर तथा सम्भावनाहरु

१. मुलुकको मध्य भागमा रहेको र राष्ट्रिय राजमार्गहरुको सहज पहुँच,

२. प्रदेशको राजधानी सहर,

३. नेपालको मुख्य प्रबेशद्वार व्यापारिक नगर बीरगञ्ज र सघीय राजधानी काठमाण्डौबाट नजिक,

४. हावापानी तथा जलवायुको दृष्टिबाट आवासीय सहरको सम्भावना भई तिब्र शहरीकरण हुदै गरेको,

५. दुई वटा महत्वपूर्ण औद्योगिक क्षेत्र रहेकोले औद्योगिक सहरको रुपमा विकास हुनसक्ने,

६. उपमहानगरपालिका र वरीपरीका क्षेत्रलाई प्याकेजको रुपमा धार्मिक ऐतिहासिक सम्पदा एवम् उष्णदेखि शितोष्ण जलबायु भएका विविधतायुक्त प्राकृतिक सौन्दर्य स्थानहरु समेटी उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिने,

७. खनिज तथा नदीजन्य पदार्थको व्यवस्थित उत्खनन् र उपयोगबाट उपमहानगरपालिकाको विकास निर्माण तथा आयश्रोत बढाउन सकिने ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म उल्लेखित चुनौती र अवसरलाई विश्लेषण गर्दा तिनलाई सम्बोधन गर्न आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटको प्राथमिकता र उद्देश्य तथा क्षेत्रगत प्रमुख नीतिहरू बारेमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ३. योजना, कार्यक्रम तथा बजेट तयार गर्दा निम्न बिषयहरुलाई मुख्य प्राथमिकता एवम् उद्देश्यको रुपमा राखिएको छ :

### ३.१ प्राथमिकता

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
३. जनताको जीवनस्तर, आम्दानि र रोजगारी बढ्ने,
४. स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
५. स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
६. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
७. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
८. समावेशी र दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
९. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
१०. शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरीयता एवम् सबलीकरण,
११. सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवियताको सहर ।

### ३.२ उद्देश्यहरू

१. विकासको लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधारहरु खडा गर्ने,
२. शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पंहुच वृद्धि गर्ने,
३. आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने,
४. सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने,
५. गरिबी न्यूनीकरण तथा जनजिविकामा टेवा पुर्याउने,
६. समृद्ध नगर सुखी नगरवासीको अवस्था हासिल गर्ने ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आर्थिक बर्ष २०७९।८० मा राखिएको प्राथमिकता र उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने प्रमुख क्षेत्रगत नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ४ प्रमुख नीतिहरू

### ४.१ सुशासन र सेवा प्रवाह

१. शान्ति सुरक्षा, दुर्घटना, अपराध, कानून कार्यान्वयन लगायतका कार्यमा बहुउपयोगी हुने गरी मुख्य बजार क्षेत्रमा जडान गरिएका सि.सि.टि.भी.लाई आवश्यक मर्मत, सुधार र विस्तार गरी स्थानीय प्रशासनसँगको साझेदारीमा सुरक्षित सहरको प्रत्याभूति दिलाउन आवश्यक कार्य गरिनेछ ।
२. जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटोछरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आबद्ध गरिने छ ।
३. सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाई शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।
४. उपमहानगरपालिका तथा वडा कार्यालयहरुमा गुनासो र सुझाव पेटिकाको ब्यवस्था गरिने छ। एक कल समस्या हल कार्यक्रम मार्फत जनउत्तरदायी भूमिका प्रवर्द्धन गरिनेछ ।
५. सेवा प्रवाहको प्रभावकारिता मापन गरि समसामयिक सुधार गर्नका लागि निरन्तर अनुगमन मूल्यांकनको संयन्त्र खडा गरिने छ। साथै मुस्कान सहितको सेवा मार्फत नगरवासीलाई सेवा उपलब्ध गराइनेछ ।
६. सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिईनेछ।
७. उपमहानगरपालिकाका जनप्रतिनिधिहरु तथा कार्यरत कर्मचारीहरुको क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि सिकाइ भ्रमण कार्यक्रमको व्यवस्था मिलाईनेछ ।
८. दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय दर्ता चलानी तथा आवेदन प्रणाली लागू गरिनेछ ।

९. उपमहानगरपालिकाको सेवा प्रवाह तथा काम कारवाहीका सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१०. स्वीकृत वार्षिक कार्यक्रम र योजना प्रभावकारी रुपमा संचालन गर्न वार्षिक खरिद योजना र कार्यक्रम कार्यन्वयन तालिका निर्माण गरिने छ ।

११. नजिकका अन्य स्थानीय तहहरुसंग साझा हितका सवालहरु र संयुक्त लगानीमा निर्माण योजनाहरु संचालन गर्न संयुक्त संयन्त्र बनाई साझेदारीमा परियोजना संचालन गर्न आवश्यक प्रयास गरिनेछ ।

१२. नगरको विकास तथा सार्वजनिक क्षेत्रमा उत्कृष्ट योगदान एंव सहयोग गर्ने विशिष्ट व्यक्तित्वहरुलाई सम्मान गरिने छ ।

१३. नगरको भूमि व्यवस्थापन प्रशासनलाई सरल र सहज बनाउन मालपोत तथा नापी कार्यालयहरुलाई उपमहानगरपालिका अन्तर्गत ल्याउन सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१४. नगरको बृहत्तर एवम् व्यवस्थित विकासका लागि यस उपमहानगरपालिकाको आवधिक योजना निर्माणको कार्य अगाडि बढाइएकोमा आगामी आर्थिक बर्षको दोश्रो चौमासिक भित्र सम्पन्न गरिनेछ ।

१५. विभिन्न अन्तर्ष्ट्रिय संघसंस्थामा आवद्धता मार्फत वैदेशिक सम्बन्ध एवम् समन्वयलाई प्रभावकारी बनाउन र उपमहानगरपालिकाको पहिचानलाई अन्तर्राष्ट्रिय जगतमा उजागर गर्न साथै विदेशी मुलुकमा बसोबास गर्ने यस नगरका नागरिकहरुका बीचमा भाइचारा विकास गर्दै नगरको विकासमा सहभागिता अभिवृद्धि गर्न वैदेशिक समन्वय ईकाई गठन गरी व्यवस्थित गरिनेछ ।

१६. संघीय सरकार तथा प्रदेश सरकारबाट अभ्यासमा ल्याइएका स्थानीय त ह संस्थागत क्षमता स्वमूल्याङ्कन, स्थानीय आर्थिक विकास मूल्याङ्कन लगायतका कार्यविधि अनुरुप उपमहानगरपालिकाको काम कारवाहीलाई नतिजामुखी बनाइनेछ ।

## ४.२. कर्मचारी प्रशासन

१. विज्ञ परामर्शदाताको सहयोगमा उपमहानगरपालिकाको कार्य बोझ बिश्लेषण सहितको संगठन संरचना, कर्मचारी दरवन्दी पूनरावलोकन गरी रिक्त स्थायी दरवन्दीहरु पूर्ति गरिनेछ । साथै कर्मचारीहरुको वृत्ति विकासलाई नियमित तुल्याउन हेटौंडा उपमहानगरपालिका स्थानीय सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नवीनतम प्रविधिको ज्ञान मार्फत प्रतिष्पर्धी र प्रभावकारी बनाईनेछ । साथै कार्यरत कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्य सम्पादन गर्ने जिम्मेवारी दिईनेछ ।

३. कर्मचारीलाई कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तरता दिई प्रत्येक वर्ष कार्यरत कर्मचारीहरु मध्येबाट उत्कृष्ट कर्मचारीको रुपमा छनौट गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै उपमहानगरपालिकामा स्थायी पदमा कार्यरत रही २५ बर्ष सेवा अबधि पुगेका कर्मचारीहरुलाई दीर्घ सेवा पदकबाट सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## ४.३. आर्थिक विकास

१. "आर्थिक समृद्धिको आधार कृषि प्रसार" भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यावसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणमा विशेष जोड दिदै सामूहिक खेती प्रणाली विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिनेछ ।

२. बढ्दो जमीनको खण्डीकरण र कृषि भूमि माथिको अतिक्रमणलाई नियन्त्रण गर्न जग्गाको वर्गीकरण गर्ने कार्य गरिने छ ।

३. नगरभित्र कृषि सेवा केन्द्रको स्थापनाका साथै संचालनमा रहेका पशु सेवा केन्द्रको संख्या बृद्धि गरी थप वडाहरुमा विस्तार गरिने छ ।

४. तरकारी उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउन साना सिंचाई कार्यक्रम र उन्नत प्रबिधीको प्रयोगलाई प्रोत्साहन गरिनेछ । साथै बेमौसमी तरकारी खेती सम्बन्धी तालिम गरी बेमौसमी तरकारी खेती गर्ने प्रबर्द्धन गरिनेछ ।

५. नगर क्षेत्रमा खपत हुने फलफूल तथा तरकारीहरूको आयातलाई निरुत्साहित गर्न फलफूल तरकारी पकेट विस्तार गरी कृषि उत्पादन अभिबृद्धि गर्न जोड दिइनेछ ।

६. वैदेशिक रोजगारीवाट फर्किएका युवा तथा वैदेशिक रोजगारमा जाने युवाहरुलाई लक्षित गरी व्यवसायिक कृषिमा आकर्षित गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै एकल र विपन्न महिलाहरुको आय आर्जनमा टेवा पु्याउन आवश्यक उत्पादनमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

७. माटोको उत्पादकत्व वृद्धि गर्न १६ नं. वडामा स्थापना गरिएको ल्याबको प्रभावकारी संचालन गर्ने र सम्भव भएसम्म माटो परीक्षण कार्यलाई अन्य वडामा विस्तार गरिनेछ ।

८. कृषि उत्पादनको बजारीकरण र उपभोक्तालाई सुपथ मुल्यमा कृषि उपज उपलब्ध गराउन हेटौंडा-११ थानाभर्याङ्गमा निर्माणाधिन प्रादेशिक कृषिथोक बजार केन्द्रको निर्माण कार्यलाई आगामी आर्थिक बर्षमा निरन्तरता दिइनेछ ।

९. कृषि क्षेत्रको व्यवसायिक विकासका लागि कृषि यान्त्रिकीकरण अनुदानमा जोड दिइनेछ । साथै युवा स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाइनेछ ।

१०. नमुना कृषि उत्पादन कार्यक्रम मार्फत नमुना वडाको रुपमा कार्यक्रम संचालन गरीनेछ ।साथै नगरका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई निरन्तर दिइने छ ।

११. पशुपालक कृषकहरुलाई व्यवसायिक पशुपालनमा प्रोत्शाहनको लागि पशु सुत्केरी स्याहार सुबिधा उपलब्ध गराइने छ ।

१२. नगर क्षेत्रमा उत्पादन हुने दुध तथा दुग्धजन्य पदार्थको शुद्धिकरण तथा गुणस्तर वृद्धिको लागि समय समयमा अनुगमन तथा आवस्यक जाचको व्यवस्था गरिनेछ ।

१३. पशुपालन तर्फ व्यवसायिक फर्म प्रोत्साहान, साना पशुपालक कृषकहरुलाई गोठ सुधार कार्यक्रम संचालन गरिने छ ।

१४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारीहरुलाई आगामी आर्थिक बर्षबाट अनिवार्यरुपमा कोपोमिस प्रणालिमा आवद्धता गराउने निति लिइनेछ । साथै सहकारीहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिम कार्यक्रम संचालन गर्ने, सहाकारीहरुको नियमित अनुगमन गरि निस्क्रिय रहेको सहकारीहरुको कार्यक्षेत्र तथा प्रकृतीको आधारमा एकीकरणलाई प्राथमिकता दिईनेछ ।

१५. गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ र उद्यमी छनोट भई सकेका व्यक्तिहरुलाई व्यवसायीकता अभिवृद्धिको लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ । साथै उद्यमीहरुबाट उत्पादित सामग्रीको बजारीकरणमा जोड दिइनेछ ।

१६. विगत वर्षहरु देखि सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगर क्षेत्रमा रहेका वेरोजगार सुचीमा सुचिकृत कामदारहरुलाई विकास कार्यमा अधिकतम परिचालन गरिनेछ ।

१७. नगरक्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक महत्वका धरोहरहरुको संरक्षण र संवर्द्धनमा विषेश जोड दिदै विभिन्न जातजातिका भेषभुषा, भाषा, बाजागाजा, ललितकला र संस्कृतिको संरक्षण साथै जगेर्ना गर्न सहयोग गरिनेछ । साथै धार्मिक सहिष्णुता अभिवृद्धि गर्नको लागि नगरक्षेत्रमा रहेका मठ मन्दिर, गुम्बा, चर्च, मदरसा लगायतका धार्मिक संस्थाहरुको स्तरोन्नति गर्ने व्यवस्था मिलाइनेछ ।

१८. नगर क्षेत्रमा रहेको पर्यटकीय स्थलको विकास र प्रचारप्रसार गरि आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलको विकास, पर्यटन पूर्वाधार निर्माण र पर्यटकीय सेवाको विविधिकरण एवम् स्तरोन्नति गरिनेछ ।

## ४.४ सामाजिक विकास

१. नगरक्षेत्रमा गठन भएका टोल विकास संस्थाहरुलाई सामुदायिक परिचालनको माध्यमबाट सिङ्गो नगरको विकास प्रकृयामा सहयोग पुर्याउने उद्धेश्यले सचेतनामूलक, सीपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ । टोल विकास संस्था मार्फत छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि कार्यक्रमहरु साथै अभियानहरु सञ्चालन गरिनेछ । साथै उल्लेखित अभियानहरु सञ्चालन सक्रियताको आधारमा नमुना टोल विकासको रुपमा स्थापित गर्दै लगिनेछ।

२. सिमान्तकृत समुदाय(थामी, चेपाङ), आदिवासी, जनजाति, दलित तथा लैङ्गिक अल्पसंख्यकहरुको क्षमता विकास गर्दै उनीहरुको परम्परागत सीपमा आधुनिकीकरण र पेशाको संरक्षण गरि आयआर्जनमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन तथा निरन्तरता दिइनेछ ।

३. मानवीय संवेदनशिलतालाई मध्यनजर गर्दै असहाय, बेसहारा, सहयोगापेक्षी सडक मानव, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरुको संरक्षण, स्वास्थ्योपचार तथा पुनर्स्थापनामा सहयोग पुर्याउँदै आएका मानव सेवा आश्रम, ॐ वृद्धाश्रम, सेफ हाउस, मामाघर नेपाल, अनाथ अपाङ्ग बाल पुनर्स्थापना गृह, दिव्यसेवा निकेतन लगायतका संस्थाहरुको सञ्चालन व्यवस्थापनमा निरन्तरता दिइनेछ ।

४. रोजगारीको अवसरको खोजीमा भएका यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित, सिमान्तकृत समुदाय, आदिवासी जनजाति, महिला तथा अपाङ्गता भएका लक्षित वर्गका युवाहरुलाई प्रशासनिक क्षेत्रमा पहुँच अभिवृद्धि गर्नको लागि लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउँदै नगरमा सञ्चालन हुने कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विशेष ध्यानमा राखी लक्षित वर्गको सहभागितामा विशेष जोड दिइनेछ।

५. जातिय मौलिकता र संस्कृतिको पहिचान झल्किने गरी रोजगारी सृजना तथा पर्यटन प्रवर्द्धनलाई सहयोग पुऱ्याउन सम्भावना, आवश्यकता र मागको आधारमा Home Stay (घर वास) प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।साथै नगरको आकर्षणको केन्द्रविन्दुमा रहेको पुष्पलाल पार्क एवम् पुष्पलाल स्मृति पुस्तकालय व्यवस्थापन तथा सञ्चालन गर्नको लागि अनुदानको व्यवस्था गरिएको छ ।

६. नगरक्षेत्रभित्रको बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अवस्था सृजना गर्न संयुक्त बजार अनुगमन, विभिन्न माध्यमबाट उपभोक्ता सचेतना कार्यक्रम तथा उद्योग वाणिज्य संघको सहकार्यमा व्यवसायीहरुसँग छलफल कार्यक्रम गर्नुको साथै माइक्रोवायोलोजिकल परीक्षण गर्ने गरी खाद्य प्रयोगशालाको स्तरोन्नति गरिनेछ ।

७. नगरक्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्थाहरुसँग समन्वय सहजीकरण गर्दै सहकार्यमा कार्यक्रम सञ्चालन गर्नुका साथै कार्यक्रमहरुमा दोहोरोपना समेतलाई निरुत्साहन गर्न गैरसरकारी संस्थाका कार्यक्रमलाई बजेट किताबमा समावेश गरिनेछ ।

८. समावेशी विकास एवम् संस्कृति प्रवर्द्धन अन्तर्गत छठ पुजा व्यवस्थापन, मधेशी लक्षित लोकसेवा आयोग तयारी कक्षा सञ्चालन र धर्मशाला निर्माणमा आवश्यक बजेट व्यवस्था सहित सम्बन्धित क्षेत्रमा कृयाशिल संस्थाहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

९. जनसांख्यिक बाहुल्यताका आधारमा तामांग जातिको भेषभुषा कला संस्कृति लगायतका मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्न उपमहानगरपालिकाको उपयुक्त स्थानमा तामाङ्ग सङ्ग्राहलय निर्माणको प्रक्रिया अगाडि बढाइनेछ ।

१०. धार्मिक पर्यटन लगायत अन्य प्रयोजनका लागि यस उपमहानगरपालिकामा आउने आर्थिक विपन्न व्यक्तिहरुलाई लक्षित गरी सहज तथा सुपथ वसोवास व्यवस्थापन गर्न अन्य निकायसँग समेत साझेदारी एवम् सहकार्य गरी धर्मशाला निर्माणको कार्य अगाडि बढाइनेछ ।

## ४.५ (क) शिक्षा

१. हेटौडा उपमहानगरपालिका भित्र ४ बर्ष उमेर पुगेका बालवालिकाहरुलाई विद्यालय प्रवेश पूर्व तयारी, वाल विकास केन्द्रहरुलाई सवलीकरण गर्न नमूना बालविकास कार्यक्रम, सहजकर्ताहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइने छ । साथै वाल विकास केन्द्रहरुलाई प्रविधिसंग जोड्ने कार्यको सुरुवात गरिनेछ ।

२. आधारभूत तहको सिकाइ सुधारका लागि कार्यक्रम सञ्चालन गरिनुका साथै अभिभावकको चाहना बमोजिम उपलब्धिमुलक अंग्रेजी माध्यमबाट सिकाइ प्रक्रिया सञ्चालन, मातृभाषाबाट सिकाइलाई प्रोत्साहन गरी स्थानीय पाठ्यक्रमलाई लागु गरिने छ । साथै स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई क्रमशः विस्तार गरी कक्षा ८ सम्म कायम गरिनेछ ।

३. माध्यामिक तहको सिकाइ सुधारका लागि प्रविधिसंग जोड्दै थप कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिने छ । साथै संस्थागत विद्यालयसंग सहकार्य गर्दै सुधारात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

४. उच्च शिक्षामा प्राविधिक शिक्षालाई प्रोत्साहन गरी उपमहानगरपालिका प्राविधिक महाविद्यालयको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

५. विद्यार्थीको कक्षा छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न विद्यार्थी प्रोत्साहन कार्यक्रम अन्तर्गत गरिब विपन्न विद्यार्थीलाई पोशाक, शैक्षिक सामाग्री तथा छात्रवृत्ति वितरण कार्यलाइ निरन्तरता दिइने छ ।

६. विद्यालयमा विषयगत प्रयोगशाला निर्माण गरी प्रयोगात्मक सिकाइलाई अभिवृद्धि गर्न विद्यालयलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।

७. विद्यालयको वातावरण एवम् विद्यालयमा निर्माण हुने शौचालय लगायत समग्र भौतिक संरचनालाई अनिवार्य रुपमा वालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री हुने गरी व्यवस्थापन गरिनेछ ।

८. तहगत तथा विषयगत तालिमको माध्यमबाट शिक्षक क्षमता विकासमा जोड दिइनेछ । साथै विद्यालयमा पर्याप्त क्षमताको इन्टरनेट जडान र सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

९. सामुदायिक सिकाइ केन्द्रहरुका माध्यमवाट निरन्तर सिकाइका कार्यक्रमहरु, अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयहरुमा वाल क्लवलाई सक्रिय बनाइने छ । साथै स्काउट शिक्षालाई प्रोत्साहन गरिनेछ ।

१०. परम्परागत र धार्मिक विद्यालय (मदर्शा, गुरुकुल वेद विद्याश्राम, गुम्बा) लाई शिक्षाको मूलधारमा सहभागी गराउन प्रोत्साहन गरिने छ । साथै पठन संस्कृतिको विकास गर्न उपमहानगरपालिका भित्र सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना, सञ्चालन, व्यवस्थापनमा जोड दिइने छ ।

११. छात्राहरुलाई निः शुल्क स्यानेटरी प्याड तथा वाल विकास देखि कक्षा ५ सम्मका वाल वालिकालाई पोषिलो दिवा खाजा व्यावस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२. संस्थागत विद्यालयसंग आवश्यक समन्वय एवम् सहकार्य गरी विद्यालयहरुको वर्गीकरण र नियमनको व्यवस्था गरिनेछ ।

१३. शैक्षिक सूचना व्यवस्थापन प्रणाली व्यवस्थित गरी शैक्षिक अभिलेखलाई अद्यावधिक गरिने छ । साथै शिक्षकको निरन्तर पेशागत विकासका लागि प्रविधिमैत्री पद्धतिमा जोड दिइने छ । विद्यालयहरुमा उद्यमशिलता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१४. विद्यार्थीको प्रतिभालाई विविध कार्यक्रम मार्फत उजागर तथा प्रोत्साहन गरी विद्यार्थीको सर्वाङ्गिण विकासका लागि जोड दिइनेछ ।

१५. विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्थापन गर्न युरोगार्ड जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६. उपमहानगरभित्रको दूर्गम स्थानका शिक्षक विद्यार्थीहरुलाई लक्षित गरी विशेष कार्यक्रमको माध्यमबाट शिक्षाको गुणात्मक पक्ष सुधारमा जोड दिइनेछ ।

१७. विद्यालय भवन एवम् संरचना मर्मत सम्भार कार्यलाई निरन्तर बनाउन सहभागितामा आधारित मर्मत सम्भार कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. आर्थिक समस्याका कारणले अध्ययनलाइ अगाडी बढाउन नसकेका विपन्न तथा जेहेन्दार बिद्यार्थीलाइ लक्षित गरी प्रवेश परीक्षा उत्तीर्ण गरेका यस उपमहानगरपालिकाका स्थायी बसोबासी ५ जना बिद्यार्थीलाइ मेयर छात्रबृत्ति कार्यक्रम अन्तर्गत एम.बि.बि.एस. तहको अध्ययनका लागि बार्षिक रुपमा छात्रबृत्ति उपलब्ध गराइनेछ ।

१९. सामुदायिक बिद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्यापन गराउने प्रबृत्ति बढ्दै गएको र अभिभावकहरुको समेत अंग्रेजी माध्यमप्रति चाहना बढ्दै गएको सन्दर्भमा अंग्रेजी माध्यमको पाठ्यपुस्तक नेपाल सरकारबाट नि शुल्क प्राप्त नहुने हुँदा अभिभावकलाइ आर्थिक भार कम गर्न उपमहानगरपालिकाको तर्फबाट अंग्रेजी माध्यमको पाठ्यपुस्तक नि शुल्क उपलब्ध गराइनेछ ।

२०. हेटौंडा ११ मा रहेको बाल सुधार गृहमा रहेका बालबालिकाको शैक्षिक निरन्तरता एवम् शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक शिक्षकहरुको प्रवन्ध गरी नियमित अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ।

## ४.५ (ख) युवा तथा खेलकुद

१. वडा तथा नगरस्तरमा गठित युवा समितिलाई उच्चतम परिचालन गरी युवा वर्गमा सकारात्मक सोच विकासको लागि व्यायाम, योगाभ्यासको माध्यमलाई प्राथमिकतामा राखिनेछ ।

२. युवा वर्गलाई रोजगारसंग जोड्न रोजगार मेलाको अवधारणा कार्यान्वयन गरिनेछ । साथै युवाको प्रतिभा पहिचान गरी प्रोत्साहन गरिनेछ ।

३. छात्रा तथा महिलाको लागि सेल्फ डिफेन्स तालिमलाई निरन्तरता दिइनेछ । साथै लागु पदार्थ दूर्व्यसनीको समस्यालाई न्युनीकरण गर्न संघसस्थासंग सहकार्य, समन्वय गरिनेछ ।

४. उपमहानगरपालिकाको समग्र खेलकुद क्षेत्रको विकासमा कार्ययोजना सहित नगर खेलकुद विकास समितिलाई अधिकतम परिचालन गरिनेछ ।

५. फुटबल खेललाई विशेष प्राथमिकतामा राखेर फुटबल खेलको नियमित प्रशिक्षणको प्रबन्ध गर्न आवासीय प्रबन्ध सहितको फुटबल एकेडेमी सञ्चालन गरिनेछ ।

६. खेल क्षेत्रको विकासका लागि शहिद स्मृति फुटबल, मेयर कप फुटबल, उपमेयर कप महिला भलिबल, बुद्दिचाल, राष्ट्रपति रनिङ्ग शिल्ड, हेटौडा रन लगायतका खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

७. खेल क्षेत्रको दिगो विकासा लागि खेलाडीहरु उत्पादन गर्ने उद्धेश्यले निरन्तर खेल अभ्यासका लागि आवश्यक विभिन्न विधाका खेल प्रशिक्षकहरुको प्रवन्ध गरी नियमित प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

## ४.६ महिला र बालविकास

१. लैङ्गिक हिंसामुक्त नगर निर्माणका लागि लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्ति (विशेष गरी महिला र बालबालिका) को उद्धार, राहत, पूनर्स्थापना, मनोसामाजिक परामर्श सेवा तथा पारिवारिक पुनर्एकीकरणका लागि अल्पकालिन सुरक्षित आश्रयस्थलको सञ्चालनका साथै आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. संघीय सरकार एवम् प्रदेश सरकारको नीति अनुरुप बालविवाहमुक्त उपमहानगरपालिका घोषणा गर्नको लागि महिला जागरण समूह एवम् टोल विकास संस्थाहरुलाई सामुदायिक परिचालनका माध्यमबाट अग्रसर गराइनेछ । बाल अधिकारका चार आयामहरुको प्रवर्द्धनको लागि बाल समूह गठन तथा परिचालन निर्देशिका बमोजिम टोल टोल, वडा र नगरस्तरमा समूह एवम् सञ्जाल गठन गर्दै बालमैत्री स्थानीय शासन अवलम्बन गरिनेछ ।

३. ज्येष्ठ नागरिकलाई अनुभव आदान प्रदान, भलाकुसारी एवम् मनोरञ्जनका लागि वडामा बनेका ज्येष्ठ नागरिक मिलन केन्द्र र नबनेको वडामा उपयुक्त स्थानको खोजी गरी सामग्री हस्तान्तरण मार्फत ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनमा ल्याइनेछ ।

४. नगरक्षेत्रमा यौनजन्य हिंसा एवम् सहमतिमा हुने यौनजन्य दूर्व्यवहार विरुद्धमा सचेतनामूलक कार्यक्रम, किशोरकिशोरीलाई जिवनोपयोगी सीप, लैङ्गिक हिंसा न्यूनीकरण, जातीय छुवाछुत विरुद्धका कार्यक्रम साथै लक्षित वर्ग केन्द्रित विविध कार्यक्रमहरु सञ्चालन गरी समाजमा सचेतना जागरण गरिनेछ ।

५. अपाङ्गता भएका व्यक्तिहरुलाई जीवनयापनमा सहजता पु¥याउनको लागि सहायक सामाग्री वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. गरिब विपन्न र सिमान्तकृत बेरोजगार महिलाहरुलाई विभिन्न किसिमका सीपमूलक तालिमहरुको माध्यमबाट दक्ष र आत्मनिर्भर गराउँदै लगिनेछ ।कार्यक्रम सञ्चालन गर्दा दलित एवम् एकल महिलाहरुको समेत लागि विशेष प्राथमिकता प्रदान गरिनेछ ।

## ४.७ जनस्वास्थ्य

१. उपमहानगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुलाई भौगोलिक तथा जनसाङ्ख्यिक आधारमा अध्ययन गरी ५ देखि १५ शैया सम्मको अस्पतालमा स्तरोन्नति गर्ने आवश्यक प्रक्रिया अगाडि बढाइने छ।

२. सुत्केरी पश्चातको पहिलो हप्तामा स्वास्थ्यकर्मी सहित सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न पोषण कोशेली सहित भेटघाट गर्ने कार्यक्रमलाई PNC Home Visit कार्यक्रमको साथमा निरन्तरता दिइनेछ ।

३. सिमान्तकृत, लोपोन्मुख समुदाय र आर्थिक रुपमा अति विपन्न १५४१ परिवारको स्वास्थ्य बिमा गरी स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ ।

४. गर्भवती महिलाहरुको स्वास्थ्य जाँच तथा आमा र बच्चाको स्वास्थ्य अवस्था पहिचान गर्न नगर क्षेत्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई गर्भावस्थामा कम्तिमा एक पटक निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्ने कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

५. आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चितताको लागि नगरका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारद्वारा निःशुल्क वितरण गर्ने भनि तोकेको औषधिहरु सहज र सरल रुपमा उपलब्ध गराई स्वास्थ्य संस्थाहरुमा औषधि Stock out नहुने व्यवस्था गरिनेछ। साथै स्वास्थ्य संस्था स्तरबाट प्रदान गरिने नसर्ने रोगका औषधिहरु समेत व्यवस्था गरिनेछ।

६. दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तिहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको परिचालनबाट उपचार र सहयोग (Care and Support) को कार्यक्रम अघि बढाइनेछ ।

७. महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर र अब्स्ट्रक्टिभ फिस्टुला जस्ता घातक रोगहरुको निःशुल्क परीक्षण गर्ने कार्यक्रमलाई सरकारी तथा गैह्रसरकारी संस्थाहरुसङ्गको सहकार्यमा निरन्तरता दिइनेछ ।

८. यस उपमहानगरपालिकाको वडा नं. १, ४ र १० मा निर्माणाधीन स्वास्थ्य संस्थाको भवन निर्माण कार्य सम्पन्न गरिनेछ । साथै भवन निर्माण नभएका वडा नं. २ र ९ को उपयुक्त स्थानमा स्वास्थ्य संस्थाहरुको भवन निर्माण कार्य सुरु गरिनेछ।

९. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा पर्याप्त फर्निचर तथा अन्य उपकरणहरुको व्यवस्था गर्न आर्थिक बर्ष २०७९/८० लाई पूर्वाधार तयारी वर्षको रूपमा लिइने छ र सो को लागि लगानीको सुनिश्चितता गरिनेछ।

१०. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन र आधारभुत स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न ई-रिपोर्टिंग सिस्टमलाई सञ्चालनमा ल्याइनेछ। हाल संचालनमा रहेका स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा लगायत अन्य सेवाको विस्तारमा जोड दिइनेछ । स्वास्थ्यजन्य हानिकारक फोहरमैलाको उचित व्यवस्थापन गरिनेछ।

११. आयुर्वेद स्वास्थ्य सेवा अन्तर्गत उपमहानगरपालिकाको १७ नं. वडामा रहेको आयुर्वेद औषधालयबाट सेवा प्रबाह हुँदै आएकोमा आयुर्वेद स्वास्थ्यलाई प्रभावकारी बनाउन सो आयुर्वेद औषधालयलाई हटिया शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, हेटौंडा-१७ मा र तत्कालिन वडा नं १५ मा रहेको आयुर्वेद औषधालयलाई चुरियामाई स्वास्थ्य चौकीमा एकीकृत गरी आयुर्वेद सेवा अन्तर्गतका शिरोधारा, स्वेदन तथा योगा कक्षा सञ्चालन सहितको उपचार सेवा व्यवस्थित गरि आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्नुका साथै सोही तत् तत् स्वास्थ्य संस्थाहरुको परिसरमा जटिबुटी उद्यान निर्माण गरी व्यवस्थित गरिनेछ ।

१२. बदलिदो जीवनशैलीको कारण बढ्दै गएको नसर्ने रोगहरुको प्रभाव कम गर्न स्वास्थ्य जीवन कार्यक्रम वडाहरुमा विस्तार गर्दै लगिनेछ।

१३. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहन स्वरूप पोशाक सुबिधा, संचार सुबिधा, यातायात खर्च लगायत आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत क्षमता विकास सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. उपमहानगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुको न्यूनतम मापदण्ड अनुगमन गरी स्वास्थ्य संस्थाहरुबाट प्रवाह भैरहेको स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ। साथै स्वास्थ्य संस्था व्यवस्थापन समितिका सदस्यहरुलाई स्वास्थ्य नीति तथा कार्यक्रमको वारेमा अभिमुखीकरण गरिनेछ।

१५. हेटौंडा उपमहानगरपालिकालाई क्षयरोगमुक्त पालिका बनाउन जनचेतना बढाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१६. नगरका सम्पूर्ण नागरिकहरुको र विशेष गरी गर्भवती, सुत्केरी तथा वालवालिकाहरुको पोषणको स्थितिलाई प्रवर्द्धन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१७. उपमहानगरपालिकाको सरसफाई क्षेत्रमा कार्यरत कामदार कर्मचारीहरुलाई स्वास्थ्य विमामा आवद्ध गरी वार्षिक रुपमा स्वास्थ्य परीक्षण गराउने कार्य अगाडि बढाइनेछ ।

१८. नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक मार्फत नगरवासीहरुलाई प्रदान गरिदै आएको निःशुल्क रक्त सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९. गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा उपमहानगरपालिका क्षेत्रभित्र सम्भाव्यता अध्ययनको आधारमा सुविधा सम्पन्न प्रसुती अस्पतालको निर्माण कार्य थालनी गरिनेछ ।

२०. नेपाल सरकारले प्रदान गर्दै आएको स्वास्थ्य बिमाको औषधी वितरण व्यवस्था हाल हेटौंडा अस्पतालबाट मात्र भइरहेकोमा सेवाग्राहीको अत्याधिक चापका कारण सहजरुपले सेवा लिन जटिल भैरहेको अवस्थालाइ मध्यनजर गरी उपयुक्त स्थानमा उपमहानगरपालिकाकै स्वास्थ्य संस्थामा चिकित्सक एवम् अन्य जनशक्तिको व्यवस्थापन गरी स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. बिकट स्थानमा बसोबास गर्ने नगरबासीहरुमा सहज स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्दै जाने नीति अनुरुप आगामी आर्थिक बर्षमा हेटौडा १५ को चिप्लेटीमा नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक जनशक्ति सहित स्वास्थ्य संस्था सञ्चालनमा ल्याइनेछ ।

**४.८ वातावरण विपद तथा फोहोरमैला व्यवस्थापन**

१. दिगो फोहोर व्यवस्थापनका लागि फोहोरलाई श्रोतमा नै वर्गिकरण गरी कुहिने फोहरबाट कम्पोष्ट मल बनाउने र नकुहिने फोहरलाई पुर्नप्रयोग गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्न टोल विकास सँस्था, नागरिक समाजलाई परिचालन गरिनेछ । भान्साबाट निस्कने कुहिने फोहरबाट ग्याँस बनाउने कार्यलाई प्रवर्द्धन गरिनेछ । साथै नगरबाट उत्सर्जन हुने फोहरमैलाको दिगो व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा फोहर व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२. विद्यालय तहदेखि नै बालबालिकामा वातावरणप्रतिको सचेतना विकास गर्नका लागि विधार्थीहरुलाई वातावरण संरक्षण सम्बन्धि क्रियाकलापमा सहभागी गराउँदै इको क्लब गठन गर्न उत्प्रेरित गरिनेछ । साथै ४० माईक्रोन भन्दा पातलो प्लाष्टिक झोलामा लगाईएको प्रतिबन्ध सम्बन्धित सरोकारवाला संघ संस्थासँग समन्वय गर्नुका साथै टोल विकास संस्थाको सहकार्यमा वैकल्पिक झोलाको प्रवर्द्धन गरी टोल तथा वडालाई प्लास्टिकमुक्त घोषणा कार्य अभियानको रुपमा सञ्चालन गरिनेछ ।

३. हेटौंडा खानेपानी वोर्डको व्यवस्थापनमा समुदायस्तरमा खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । खानेपानी गुणस्तर मापन तथा शुद्धीकरण विधिलाई प्रभावकारी बनाइनेछ । साथै उपमहानगरपालिका क्षेत्रभित्रको खानेपानी व्यवस्थापनको कार्यमा एकरुपता कायम गर्न उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुलाई क्रमशः खानेपानी व्यवस्थापन वोर्डमा आबद्ध गर्दै लगिनेछ र आबद्धताकै आधारमा मात्र पूर्वाधार विकासमा लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

४. संघीय सरकार, हेटौंडा उपमहानगरपालिका र खानेपानी व्यवस्थापन वोर्डको संयुक्त लगानी (सहकार्य) मा सञ्चालन हुने यस उपमहानगरपालिका क्षेत्रको खानेपानी पूर्वाधार निर्माणमा लागत साझेदारी उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

५. शहरी क्षेत्र हरियाली प्रबर्द्धन कार्यलाई निरन्तरता दिन सडक स्तरोन्नती गर्दा अनिवार्य रुपमा वृक्षरोपणलाई समेट्न योजनाको लागत अनुमानमा वृक्षरोपण गर्ने काम समावेस गरि उपभोक्ताले नै संरक्षणको जिम्मेवारी लिनु पर्ने नितिलाई प्रभावकारी रुपबाट अघि बढाइनेछ । साथै उपमहानगरपालिका क्षेत्रभित्र आगामी ५ (पाँच) वर्ष भित्र ५० हजार विरुवा रोपण कार्य अगाडि बढाइनेछ ।

६. दिगो विकास लक्ष्यका सुचकहरुलाई स्थानीयकरण गर्दै विभिन्न विकास लक्ष्यहरुलाइ हासिल गर्ने प्रयत्न गरिनेछ । सबैका लागि सफा पानी तथा सरसफाइ अन्तर्गत विभिन्न पार्क तथा सार्वजनिक स्थानमा

सार्वजनिक शौचालय निर्माण गरिनेछ । साथै बिपन्न नगरबासीका लागि शौचालय बनाउन सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. विपद तथा जलवायु परिवर्तनबाट परेको प्रभाव सम्बन्धमा अध्ययन, अनुसन्धानबाट जोखिमयुक्त क्षेत्र पहिचान तथा नक्साङ्कन गरी विपद पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना (DPRP) तथा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तयारी (LDCRP) गरिनेछ । विधालय तथा शैक्षिक संस्थाहरुमा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिवृद्धि गर्ने सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापना तथा १९ वटा वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

८. सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकास गरी वन संरक्षण तथा डढेलो नियन्त्रणमा आवश्यक सहकार्य गरिने नीतिलाई निरन्तरता दिइनेछ । साथै आकाशे पानी संकलन, शुद्धिकरण तथा भण्डारण Rain Water Harvesting System लाइ प्रवर्द्धन गरिनेछ। नयाँ बन्ने घरहरुमा पानी संरक्षणका लागि कुनै एक प्रविधि अनिवार्य अवलम्वन गर्न भवन इजाजत प्रक्रियामा आबद्ध गरिनेछ ।

९. वातावरण संरक्षण कार्यमा उत्कृष्ट कार्य गर्ने व्यक्ति एवं टोल विकास संस्थाहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था गरिनेछ । साथै फोहरको उचित तथा दिगो व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन सम्बन्धी दिर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । फोहरमैला व्यवस्थापनका लागि वातावरणमैत्री प्रविधि तथा उपकरणको प्रयोग गरिनेछ । अन्तिम फोहर विसर्जन केन्द्रलाई उचित व्यवस्थापन गर्दै विसर्जन केन्द्रलाई पार्कको रुपमा विकसित गरिनेछ ।

१०. जैविक फोहोरबाट ग्यास उत्पादन गर्न waste to energy plant निर्माण गर्न वैकल्पिक उर्जा केन्द्रसँग समन्वय तथा सहकार्य गरिनेछ। हेटौंडा उपमहानगरपालिकामा रहेका तीन वटा फोहोर पानी प्रशोधन केन्द्र (Waste Water Treatment Plant) को अवस्था अध्ययन गरी पुनः सञ्चालनमा ल्याईनेछ । साथै लेदोजन्य फोहर (Faecal Sludge) सम्बन्धी आवश्यक अध्ययन गरी उचित व्यवस्थापन गरिनेछ ।

११. शहरी सौन्दर्यता कायम राख्न खुल्ला स्थान चौक तथा सडक किनारहरुमा आकर्षक फूलको विरुवा लगाउने कार्यलाई निरन्तरता दिईनेछ । क्यारी निर्माण, गमला खरिद गरी फूलको विरुवा रोप्ने कार्यलाई निरन्तरता दिईनेछ ।साथै विश्राम स्थलहरुमा आकर्षक बेन्चको व्यवस्था गरिनेछ ।

१२. नगर क्षेत्रलाई सफा र स्वच्छ राख्नका निम्ति बजार क्षेत्र, सार्वजनिक स्थल, सडक नाली तथा ढलहरुको नियमित सरसफाई र मर्मत संभार कार्य गरिनेछ ।टोल विकास संस्थाको अगुवाइमा प्रत्येक टोलमा महिनामा एक पटक सरसफाइ अभियान गर्न उत्प्रेरित गरिनेछ। साथै शहरी आवागमनमा सहजता ल्याउन र शहरी सौन्दर्य अभिवृद्धि गर्न तीन पाङ्ग्रे सवारी तथा भारी सवारी साधनको पार्किङ लगायत समग्र व्यवस्थापनमा सुधार ल्याउन सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी प्रभावकारी रुपमा अगाडि बनाइनेछ ।

१३. वातावरण संरक्षण ऐन, नियम ,कानूनहरुको पालना गराउन तथा वातावरणीय अनुगमनलाई प्रभावकारी बनाउन, विभिन्न निजी तथा सार्वजनिक क्षेत्रबाट भएका योजनाहरुको कार्यान्वयनका सिलसिलामा भएका वातावरणीय अध्ययन प्रतिवेदनहरुको प्रभावकारी कार्यान्वयन गराउन उपयुक्त संयन्त्र निर्माण गरिनेछ ।

१४. शहरी सौन्दर्य अभिवृद्धि गर्न शहरी वन व्यवस्थापन, फलफूल र वगैंचा उधान निर्माण /कार्यलाई निरन्तरता दिइनेछ । साथै खहरे तथा नदी सरसफाई तथा संरक्षण अभियानलाई निरन्तरता दिइनेछ।त्यसै गरी सार्वजनिक स्थलहरुको सरसफाइ अभियान संचालन गरिनेछ ।

१५. वारुणयन्त्र सेवा लगायत विपद्जन्य अन्य आकस्मिक सेवालाई व्यवस्थित गर्न हेटौंडा-४ स्थित भूटनदेवी माध्यामिक विद्यालयको स्वामित्वमा रहेको जग्गामा विद्यालयसँग समन्वय गरी एकिकृत आकस्मिक सेवा केन्द्र स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१६. हेटौडा ९ र १० मा कर्रा नदीको तल्लो भागमा नदीको दाँयाबाँयाका क्षेत्र समेटी झोलुंगे पुल सहितको आकर्षक पूर्वाधार निर्माण गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना निर्माण गरी सोही अनुरुप आवश्यक निर्माण कार्य प्रारम्भ गरिनेछ ।

## ४.९ शहरी विकास र सार्वजनिक निर्माण

१. नगर क्षेत्रभित्र प्रचलित कानून बमोजिम भवन निर्माण ईजाजत प्राप्त नगरी निर्माण भएका भवन तथा स्थायी संरचनालाई उपमहानगरपालिकाबाट स्वीकृत भवन तथा योजना मापदण्ड पूरा गरेकाको हकमा भवन नियमित तथा अभिलेखीकरण गरिने छ।

२. नगर क्षेत्रभित्र उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण आयोजनाको हकमा आयोजनाको प्रकृति र आयोजना संचालन हुने क्षेत्रका आधारमा लागत सहभागिताको प्रतिशत निर्धारण गरि कार्यान्वयनमा ल्याइने छ ।

३. निर्माण आयोजनाहरू संग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरूलाई योजना संचालन गर्नु पूर्व योजना संचालन सम्बन्धी बिषयमा अनुशिक्षण गरिने छ।

४. स्थानीय पर्यटन प्रवर्द्धनको माध्यमबाट नगरको आर्थिक समृद्धिमा टेवा पुऱ्याउन हेटौंडा-४ हुप्रचौरमा आधुनिक सुविधायुक्त ११ तले बासुदेव बहुउद्धेश्यीय व्यापारिक भवन (Multi purpose Commercial Building) निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

५. उपमहानगरपालिकाको वडा नं. १० स्थित निर्माणाधिन सुबिधा सम्पन्न बस टर्मिनल सहितको सपिङ्ग कम्प्लेक्स निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

६. सडक दूर्घटना कम गर्न, आवागमनलाई सहज बनाउन एवम् शहरी सौन्दर्य अभिवृद्धि गर्न उपमहानगरपालिका क्षेत्रभित्रका सडकलाई खाल्डा खुल्डी रहित बनाउन तत्काल काम गर्ने गरी मर्मत सवारी (Maintenance Vehicle) को व्यवस्था गरिनेछ ।

७. जोखिमपूर्ण अवस्थामा रहेका जीर्ण काठेपुलहरुलाई विस्थापित गर्दै पक्की पुल तथा कल्भर्ट निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. हेटौंडा उपमहानगरपालिकाको दिगो र समग्र विकासको लागि योजनावद्धरुपबाट अगाडि वढाउन विभिन्न विषयका विज्ञहरुको सहभागिता रहने गरी हेटौंडा सहरी विकास आयोग गठन गरी क्रियाशिल गराइने छ।

## ४.१० राजस्व परिचालन

१. आर्थिक विधयेक, २०७९ मा विगतमा दिईदै आएको कृषि तथा पशु सेवा प्रवर्द्धनसँग सम्बन्धित व्यवसाय दर्ता तथा नवीकरणमा तोकिएको दरमा ६० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ ।

२. एकल महिला तथा अपाङ्गता भएका व्यक्ति प्रमुख संचालक, प्रोपाईटर भई उद्योग दर्ता तथा नवीकरण गरेमा तोकिएको शुल्कमा २० प्रतिशत छुटलाई निरन्तरता दिइनेछ ।

३. सवै वडाहरुलाई प्रविधि र प्राविधिकबाट जोड्दै सवै प्रकारका कर राजश्वहरु Online प्रणालीबाट नै संकलन गर्ने व्यवस्था मिलाइनेछ । साथै राजश्व शाखाका कर्मचारीहरुको क्षमता विकासका लागि तालिम, एक्सपोजर, ईन्सेन्टीभ लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४. नदीजन्य पदार्थको जरीवाना असुलीलाई राजश्व बृद्धिको आधारको रुपमा अपनाउन निषेधित क्षेत्र, समय र स्थान तथा प्रचलित कानून विपरितका नदिजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न

रहने कर्मचारी तथा सुरक्षा निकायहरुलाई जरिवाना असुली रकमको २० प्रतिशतले हुन आउने रकम प्रोत्साहन बापत उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

५. घर बहाल कर बापतको आयश्रोत प्रमाणित गर्दा वार्षिक १० प्रतिशतका दरले लाग्ने वहाल कर चौमासिक/वार्षिक रुपमा कायम गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

६. व्यवसाय दर्ता तथा नवीकरण कार्यलाई अद्यावधिक गर्नका लागि कार्यालयमा व्यवसाय दर्ता गरी लामो समयसम्म व्यवसाय नवीकरण नगरेका व्यवसायीहरुलाई आर्थिक बर्ष २०७८/०७९ सम्मको जरिवाना छुट दिई दर्ता तथा नवीकरणको दायरामा ल्याइनेछ ।

७. कृषि उपज व्यवसाय वाहेक फुटपाथ, साईकल, ठेला तथा घुम्ती व्यवसायहरुलाई करको दायरामा ल्याइनेछ । साथै व्यवसाय दर्ता नगरी व्यवसाय संञ्चालन गरिरहेका व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गराई करको दायरामा ल्याइनेछ ।

८. उपमहानगरवाट लिईने विभिन्न करहरुको संकलनमा सहजीकरण गर्न तथा करदातामा विभिन्न सूचनाहरु सम्प्रेषण समेत गरी करदाता मैत्री वातावरण सिर्जना गर्न नगर कर सहजकर्ता (Municipal Tax Facilitator) परिचालन गरिनेछ ।

९. घर बहालमा बसेका तथा वहालमा लगाएका सबै घरधुरीहरुको अद्यावधिक तथ्याङ्क संकलन गरी स्वचालित तथ्याङ्क आधार (Automated Data Base System) तयार गरी लागू गरिनेछ ।

१०. उपमहानगरपालिकाको स्वामित्वमा रहेको व्यवसायीक पसल कवल सटरहरुमा व्यवसाय गर्नको लागि नगरपालिकासँग सम्झौता गरी व्यवसाय सञ्चालन नगरी अन्य व्यक्तिहरुलाई भाडामा लगाउने प्रवृत्तीलाई सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी निरुत्साहित गरिनेछ ।

११. उपमहानगरपालिकाको आन्तरिक आय बृद्धि गर्नका लागि प्रचलित नियम कानूनमा व्यवस्था भएको कर, शुल्क तथा दस्तुरहरु सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गरी कर संकलन कार्यलाई व्यवस्थित गरिनेछ ।

### ४.११ योजना कार्यान्वयन तथा अनुगमन मुल्यांकन

१. स्वीकृत बार्षिक कार्यक्रम अनुसारका नगर स्तरीय योजना/परियोजना तथा कार्यक्रमहरु २०७९ फाल्गुण मसान्तसम्ममा सम्झौता तथा ठेक्का प्रकृया पूरा गरि कार्यान्वयन गरिने छ।

२. वडा तथा बस्ति स्तरीय परियोजनाहरुको सम्झौता प्रकृयालाई सरल र सहज बनाउन वडा तथा बस्ति स्तरमा टोलि खटाई परियोजना सम्झौता कार्य सम्पन्न गरिने छ। कार्यान्वयनलाई सहज बनाउन आवश्यक अधिकार प्रत्यायोजन गरी स्रोत व्यवस्था गरिनेछ ।

३. स्वीकृत वार्षिक कार्यक्रम र योजना प्रभावकारी रुपमा संचालन गर्न वार्षिक खरीद योजना र कार्यक्रम कार्यन्वयन तालिका तर्जुमा गरी लागु गरिने छ।

४. नजिकका अन्य स्थानीय तहहरुसंग साझा हितका सवालहरु र संयुक्त लगानीमा निर्माण योजनाहरु संचालन गर्न सयुक्त संयन्त्र बनाई साझेदारीमा परियोजना संचालन गर्न आवश्यक प्रयास गरिनेछ ।

५. स्वीकृत वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्दा वार्षिक रुपमा भौतिक, वित्तीय प्रगति र अन्य सूचकका आधारमा उत्कृष्ट हुने दुई वटा वडालाई प्रोत्साहन स्वरुप थप कार्यक्रम संचालन गर्न रकम उपलब्ध गराईने छ ।

६. नगर स्तरीय अनुगमन समिति र वडा स्तरीय अनुगमन समितिलाई सकृय तुल्याई कार्यक्रमहरुको कार्यान्वयन तथा नतिजासंग आवद्ध गरिने छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म गरिमामय नगर सभा समक्ष माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०७९/८० को वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. बार्षिक योजना तथा बजेट तर्जुका आधारहरु निम्नानुसार रहेका छन् ः**

क) नेपालको संविधान

ख) स्थानीय सरकार संचालन ऐन, २०७४

ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

च) संघीय र प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रमहरु

छ) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका

ज) संघीय प्रादेशिक र स्थानीय तहको आबधिक विकास योजनाहरु र श्रोत साधन

झ) नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो बिकासको लक्ष्यहरु

ञ) संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक तथा सामाजिक नीतिहरु

ट) सरकारको अन्तराष्ट्रिय प्रतिवद्धता/सम्धी सम्झौताहरु,

ठ) दलीय प्रतिवद्धता/घोषणा-पत्र,

ड) स्थानीय विविधता र विकासको अवस्थामा रहेको असमानता,

ढ) स्थानीय सरकारको आन्तरिक श्रोतको सामर्थ्य।

**नगरसभाका अध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्षको लागि क्षेत्रगत बजेट विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क्षेत्रगत बजेट विनियोजन**

**५.१ पूर्वाधार विकास**

१. उपमहानगर क्षेत्रमा एकिकृत बसपार्क तथा टर्मिनल भवन निर्माणका लागि क्रमागत योजना अन्तर्गत आगामी आर्थिक बर्षको लागि रु. १५ करोड बजेट विनियोजन गरिएको छ ।

२. हेटौंडा ४ मा निर्माण हुने बहुबर्षिय योजना अन्तर्गत बासुदेव बहुउध्येशीय व्यापारिक भवन (Basudev Multi Purpose Commercial Building ) रु.५ करोड विनियोजन गरिएको छ।

३. बृहत्तर चक्रपथ निर्माण कार्य निरन्तरताका लागि समपुरक योजना अन्तर्गत हेटौंडा १६ र १७ को सडक स्तरोन्नतिका लागि रु.३ करोड विनियोजन गरिएको छ ।

४. क्याम्पा बंगुर फारमदेखि तिनकुने चोक फायरलाईनसम्म नमूना सडक निर्माण कार्य प्रारम्भ गर्न रु. ५० लाख विनियोजन गरिएको छ ।

५. सहरी सडक मर्मत सम्भारका लागि सडक वोर्ड नेपलासँगको लागत साझेदारीमा योजना सञ्चालन गर्न रु. १ करोड ४५ लाख विनियोजन गरिएको छ ।

६. चालु आर्थिक बर्षमा सम्झौता भई आगामी आर्थिक बर्षमा जिम्मेवारी सर्ने योजनाहरुको भुक्तानीको लागि रु.१७ करोड ५५ लाख विनियोजन गरिएको छ।

७. संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति एवम् अन्य संघ संस्थाहरूसंगको साझेदारीमा संचालन हुने योजनाको लागि रु. ३ करोड विनियोजन गरिएको छ।

८. वडा तथा वस्ति स्तरीय पूर्वाधार योजनाको लागि रु.३८ करोड ४० लाख विनियोजन गरिएको छ।

९. नगरवासीलाई स्वच्छ खानेपानी व्यवस्थापन गर्न हेटौंडा खानेपानी व्यबस्थापन बोर्डसंग सहलगानी कार्यक्रमको लागि रु.१ करोड ५० लाख विनियोजन गरिएको छ।

१०. आफ्नै कार्यालय भवन नभएका वडाको प्रशासनिक भवन निर्माण तथा स्तरोन्नतिका लागि निर्माण कार्य प्रारम्भ गर्न आगामी आर्थिक वर्षको लागि रु. ८० लाख विनियोजन गरिएको छ ।

११. नगरको बृहत्तर विकासमा महत्व राख्ने ठुला आयोजनाहरुको सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, अनुसन्धान तथा परामर्श एवम् आवधिक योजना निर्माण गरी परियोजना बैंक (Project Bank) लागि रु. १ करोड ४५ लाख विनियोजन गरिएको छ ।

१२. हेटौंडा-४ स्थित गर्दोईबाट सूर्यपथ जाने सडक मर्मत तथा स्तरोन्नतिका लागि रु. ३० लाख विनियोजन गरिएको छ ।

१३. सडक दूर्घटनालाई मध्यनजर गरी नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सडकमा परेका पोलहरु व्यवस्थापन गर्ने कार्यका लागि रु. ७५ लाख विनियोजन गरिएको छ ।

१४. विभिन्न पूर्वाधारहरुको आकस्मिक मर्मत सम्भारका लागि मर्मत सम्भार कोषमा रु. ३ करोड विनियोजन गरिएको छ ।

माथि उल्लेखित आयोजनाहरु समेत पूर्वाधार विकास क्षेत्रभित्र पर्ने उर्जा, सडक बत्ति, आवास व्यबस्था, जलश्रोत सिंचाई लगायत नगर स्तरीय पूर्वाधार रु. १ अर्ब ८ करोड ७२ लाख विनियोजन गरिएको छ।

### ५.२ आर्थिक विकास

१. हेटौंडा ११ थानाभन्याङ्ग स्थित प्रदेश सरकार संगको सहकार्यमा निर्माण हुने प्रादेशिक थोक फलफूल तथा तरकारी बजार केन्द्रको बाँकी निर्माण कार्यको लागि रु.३ करोड विनियोजन गरिएको छ।

२. कर्रा नदीको स्वच्छतालाई संरक्षण गर्दै नदी किनारमा पर्यटन पूर्वाधार निर्माण कार्यका लागि आगामी आर्थिक वर्षमा रु. ८५ लाख विनियोजन गरिएको छ ।

३. जनसांख्यिक बाहुल्यताका आधारमा तामाङ्ग जातिको भेषभूषा कला संस्कृति लगायतका मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्न उपमहानगरपालिकाको उपयुक्त स्थानमा तामाङ्ग सङ्ग्राहालय निर्माण कार्य प्रारम्भ गर्न रु. ५० लाख विनियोजन गरिएको छ ।

४. हेटौंडा-१० स्थित राप्ती नदी तटमा हाल सञ्चालनमा रहेको शवदाह स्थलको स्तरोन्नतीको लागि रु. २० लाख विनियोजन गरिएको छ ।

५. रोजगार प्रवर्द्धन कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र यूवा रोजगारीको लागि रुपान्तरण पहल कार्यक्रमका लागि रु. १ करोड ७८ लाख विनियोजन गरिएको छ ।

६. कृषि विकास अन्तर्गतका कार्यक्रमका लागि रु. ६ करोड २ लाख, पशुपंक्षी विकास अन्तर्गतका कार्यक्रमको लागि रु. ३ करोड ६६ लाख विनियोजन गरिएको छ।

७. उद्योग वाणिज्य तथा आपूर्ति, सहकारी क्षेत्र अन्तर्गतका कार्यक्रमको लागि रु. ९६ लाख विनियोजन गरिएको छ।

८. गुम्बा डाँडा, पुण्य क्षेत्र, कुष्माण्ड सरोवर त्रिवेणीधाम, गुफा थान लगायतका पर्यटकीय पूर्वाधार योजना निर्माणका लागि रु.४ करोड १७ लाख विनियोजन गरिएको छ।

९. संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद, मदर्सा लगायतका सांस्कृतिक पूर्वाधार निर्माणका लागि रु. २ करोड २० लाख विनियोजन गरिएको छ ।

१०. अव्यवस्थिव बसोबास तथा भूमि समस्या समाधान आयोजना सम्बन्धी कार्यका लागि रु. ८० लाख विनियोजन गरिएको छ ।

माथि उल्लेखित आयोजनाहरु समेत आर्थिक विकास क्षेत्रभित्रका समग्र योजनाका लागि रु. १९ करोड ५९ लाख विनियोजन गरिएको छ।

### ५.३ सामाजिक विकास

#### ५.३.१ शिक्षा

१. प्रारम्भिक वालविकास सहजकर्ता र बिद्यालय कर्मचारीको कार्य उत्प्रेरणा अभिबृद्धि गर्न तलब भत्ता थपका लागि आन्तरिक श्रोतबाट रु. ३ करोड ३८ लाख विनियोजन गरिएको छ।

२. विद्यार्थीहरुको दिवा खाजा कार्यक्रमका लागि बिद्यालय अनुदान रु.३ करोड ५३ लाख, सार्वजनिक बिद्यालयको बिद्यार्थीको लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको लागि रु.१ करोड ७५ लाख, बिद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहनका लागि रु.१ करोड ४६ लाख, छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गर्न रु. ८० लाख, शिक्षण सिकाई सामग्री, कक्षा ८ को परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्याङ्कन र नतिजा विश्लेषण गर्न रु. १ करोड २१ लाख, सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति अनुदान रु. ७९ लाख, नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवनको लागि रु.१ करोड १ लाख विनियोजन गरिएको छ ।

३. एम.वि.वि.एस. तहमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक सहयोगका लागि मेयर छात्रवृत्ति कार्यक्रम अन्तर्गत रु. २० लाख विनियोजन गरिएको छ ।

माथि उल्लेखित कार्यक्रम सहित सामाजिक विकास अन्तर्गत शिक्षा तर्फको सशर्त र आन्तरिक बजेट तर्फको कार्यक्रम संचालनका लागि रु. ६६ करोड १५ लाख विनियोजन गरिएको छ।

#### ५.३.२ स्वास्थ्य

१. संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा उपमहानगरपालिका क्षेत्रभित्र सम्भाव्यता अध्ययनको आधारमा सुविधा सम्पन्न प्रसुती अस्पताल निर्माण र स्वास्थ्य संस्थाहरुबाट सुरक्षित मातृत्वको लागि बर्थिङ्ग सेन्टर सञ्चालन गर्न रु. १ करोड विनियोजन गरिएको छ ।

२. सिमान्तकृत तथा गरिब १५४१ घर परिवारको स्वास्थ्य विमाको लागि रु. ५३ लाख विनियोजन गरिएको छ ।

३. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहन स्वरूप पोशाक सुबिधा, संचार सुबिधा, यातायात खर्च लगायतका बिबिध कार्यक्रमका लागि रु. ७० लाख विनियोजन गरिएको छ ।

४. उपमहानगरपालिकाको स्वामित्वमा रहेको स्वास्थ्य संस्थाबाट स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्न रु. ४५ लाख विनियोजन गरिएको छ ।

माथि उल्लेखित कार्यक्रम सहित सामाजिक विकास अन्तर्गत स्वास्थ्य तर्फको सशर्त र आन्तरिक बजेट तर्फको कार्यक्रम संचालनका लागि रु. ९ करोड ५३ लाख विनियोजन गरिएको छ।

#### ५.३.३ युवा तथा खेलकुदः

१. हेटौंडा-५ स्थित क्याम्पा रंगशालाको थप पूर्वाधार निर्माण कार्यको लागि रु. २५ लाख बजेट विनियोजन गरिएको छ ।

२. खेल क्षेत्रको विकासका लागि नगरमा थप एक मिनि रंगशाला तथा फुटसल निर्माण कार्य प्रारम्भ गर्न रु. ८० लाख विनियोजन गरिएको छ ।

३. सहिद स्मृति स्थानीय तह गोल्डकप फुटवल प्रतियोगिता सञ्चालन सहकार्यका लागि रु. २५ लाख विनियोजन गरिएको छ ।

४. फुटबल खेलको नियमित प्रशिक्षण सञ्चालन गर्न फुटबल एकेडेमीका लागि रु. ७५ लाख विनियोजन गरिएको छ ।

समग्र खेलकुद प्रतियोगिताहरु आयोजना, सहभागिता, प्रशिक्षण, खेल सामग्री वितरण, खेल पूर्वाधार निर्माण लगायतका कार्यक्रमका लागि आन्तरिक श्रोतबाट रु. ३ करोड ७३ लाख विनियोजन गरिएको छ ।

**५.३.४ महिला तथा बालबालिका र लै.स.सा.स.**

महिला, दलित, जनजाती, अपाङ्गता, यौनिक अल्पसंख्यक, मधेशी, बालबालिका, ज्येष्ठ नागरिक लगायतका लक्षित वर्गको क्षमता विकास, सशक्तिकरण, आय आर्जन, समानता अभिवृद्धि, बालमैत्री नगर घोषणा, टोल विकास संस्था परिचालन, मानव सेवा आश्रम तथा वृद्धाश्रम सञ्चालन सहयोग, मागमा आधारित सीपमूलक कार्यक्रम, सिमान्तकृत समुदायको आर्थिक उत्थान कार्यक्रमका लागि रु. ३ करोड ५८ लाख विनियोजन गरिएको छ ।

माथि उल्लेखित शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता कार्यक्रम र सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सम्पन्न गर्न सामाजिक विकास क्षेत्रतर्फ रु.८३ करोड ४७ लाख विनियोजन गरिएको छ ।

**५.४ वातावरण तथा विपद् व्यवस्थापन**

१. नगरलाई सफा, हरियाली र फूलवारी निर्माण गरी सहरी सौन्दर्य अभिवृद्धि कार्यक्रमका लागि रु.३० लाख विनियोजन गरिएको छ ।

२. अन्तिम फोहोर बिसर्जन केन्द्र सुधार तथा प्रविधि जडान, फोहर सेग्रिगेसन प्रशोधन केन्द्रका लागि रु. ९० लाख विनियोजन गरिएको छ ।

३. उपमहानगरपालिकाको सेवा प्रवाह र विकास निर्माणलाई प्रभावकारी बनाउन बारुण यन्त्र, एम्बुलेन्स, सफाई साधन, हेभिईक्युपमेन्ट खरिदका लागि रु. २ करोड ६५ लाख विनियोजन गरिएको छ ।

४. विपद् व्यवस्थापनसँग सम्बन्धित आकस्मिक कार्यहरुका लागि विपद् व्यवस्थापन कोषमा रु. ३ करोड विनियोजन गरिएको छ ।

५. विपद् जोखिम व्यवस्थापनका लागि मोटरबोट सहितको आवश्यक सुरक्षा सामाग्री खरिद गर्न रु. ५१ लाख विनियोजन गरिएको छ ।

माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरु समेत वन तथा भूसंरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, जल उत्पन्न प्रकोप नियन्त्रण कार्य गर्नका लागि वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ रु. १२ करोड ६ लाख विनियोजन गरिएको छ ।

**५.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१. शान्ति सुरक्षा, दूर्घटना, अपराध, कानुन कार्यान्वयन लगायतका कार्यमा बहुउपयोगी हुने गरी मुख्य बजार क्षेत्रमा जडान गरिएका सि.सि.टि.भी.लाई आवश्यक मर्मत, सुधार र विस्तार कार्यका लागि रु. ४० लाख विनियोजन गरिएको छ ।

संगठन तथा मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन सञ्चालन, नागरिक सन्तुष्टि सर्भेक्षण तथा सामाजिक उत्तरदायित्व, आन्तरिक तथा अन्तिम लेखा परीक्षण, सेवा प्रवाह व्यवस्थापन, सूचना व्यवस्थापन, सूचना प्रविधिको प्रयोग र व्यवस्थापन, अन्तर निकाय समन्वय, स्थानीय योजना तथा तथ्याङ्क, सामाजिक सुरक्षा र पञ्जिकरण व्यवस्थापन, सुरक्षा व्यवस्थापन लगायतका क्षेत्रसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि सुशासन तथा संस्थागत विकास तर्फ रु.७ करोड ३३ लाख विनियोजन गरिएको छ ।

**५.६ अन्य विविध कोषहरु**

महिला तथा बाल विकास कोष, वातावरण विकास कोष, गरिवी न्यूनीकरण तथा सामाजिक परिचालन कोष, मानव संसाधन विकास कोष, अति विपन्न परिवार विद्युत तथा खानेपानी सुविधा उपलब्धता कोष, न्यायिक समिति सञ्चालन खर्च समेतका लागि कुल रु. ९९ लाख विनियोजन गरिएको छ ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु २ अर्व ७१ करोड ७९ लाख ७२ हजार ८२० विनियोजन गरिएको छ ।

२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु. ९४ करोड ३६ लाख ५३ हजार ८२०, राजस्व बाँडफाँटबाट रु. ५८ करोड ९३ लाख ७० हजार, प्रदेश सरकारको विभिन्न अनुदानबाट रु. ९ करोड ५८ लाख ४९ हजार, सङ्घीय सरकारको अनुदानबाट रु. १ अर्व ६ करोड ९५ लाख, अन्य आय र संघसंस्था अनुदानबाट रु. १ करोड ९६ लाख व्यहोरिने छ ।

३. यस उपमहानगरपालिकालाई नगरसभा पश्चात सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय पूर्वाधार विकास कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकाले प्रस्तुत बजेटमा उक्त कार्यक्रमहरुको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछु ।

**उपस्थित आदरणीय महानुभावहरू,**

प्रस्तावित बजेट, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरू गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुंदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सवलीकरण हुने विश्वास लिएको छु ।

नगरवासीहरूको गुणस्तरीय सेवा प्रतिको बढ्दो आकांक्षालाई पूरा गर्न हामीले आफूलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउदै सरोकारवालाहरू बिचको सहकार्य, समन्वय, सुझाव र सहमति अनुकूल वातावरण स्थापना गरी प्रभावकारी ढंगका साथ स्रोत-साधन परिचालन गरी नगरपालिका जनताको सवभन्दा नजिकको देखिने सरकार हो भन्ने मान्यतालाई स्थापित गरेर देखाउनु पर्नेछ । यसै सन्दर्भमा आगामी आर्थिक बर्षको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा क्षेत्रगत एवम् विषयगत विशेषज्ञता रहेका विषयगत शाखा, निजी क्षेत्र तथा सहकारीहरूलाई जिम्मेवार र उत्तरदायी बनाई कार्यान्वयन कार्य योजना सहित तोकिएको समयमै योजना सम्पन्न गर्न आवश्यक रहेको तथ्य तर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

आगामी आर्थिक वर्षको प्रस्तुत बजेट तथा कार्यक्रम तयारी/प्रस्तुति गर्ने कार्य सार्थक तुल्याउन सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकारका विषयगत निकायका प्रमुखहरू, राजनीतिक दलका पदाधिकारीहरू, नगरसभाका सदस्यहरू सबैको मार्गदर्शन हाम्रा लागि महत्वपूर्ण रहेको व्यहोरा अनुरोध छ । साथै यस कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, गैर–सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी एवम् अन्य जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्तिहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभामा प्रस्तुत नगरपालिकाको बजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विनियोजन ऐन, २०७९ तथा आर्थिक ऐन, २०७९ लाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेको छु ।

अन्तमा, यस बजेटको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको यस क्षणमा यो गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !!

मिति २०७९ आषाढ १० गते शुक्रबार

**प्रस्तुत कर्ता :**
**राजेश बानिया**
**नगर उपप्रमुख**